वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८२/०८३



कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

डिभिजन वन कार्यालय, भेरी

बावियाचौर, सुर्खेत

E-mail: dfo.bheri@karnali.gov.np or bheridfo@gmail.com

Website : www.dfobheri.karnali.gov.np






रानीवन सामुदायिक वनको नदी उकास वनक्षेत्रमा वृक्षारोपण



सामुदायिक वनमा टिमुरको वृक्षारोपण

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८२/०८३



कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

डिभिजन वन कार्यालय भेरी

बावियाचौर, सुर्खेत

E-mail:- dfo.bheri@karnali.gov.np **or** bheridfo@gmail.com
Website : www.dfobheri.karnali.gov.np

प्राक्कथन

वनस्रोत एक महत्वपूर्ण वहुआयामिक प्राकृतिक नवीकरणीय खुल्ला साझा सम्पत्ति हो । यसको प्रभावकारी व्यवस्थापनबाट मुलुकको कृषि पर्यटन जलस्रोत र उद्योग विकासका लागि आधारस्तम्भहरु निर्माण हुने देखिन्छ । अत: सम्मुन्नत राष्ट्रिय अर्थतन्त्र र समृद्ध नेपालीको सोँचलाई मूर्तरुप दिन र पर्यावरणीय स्वच्छता कायम गर्न वनक्षेत्रको अवश्य पनि अहम महिमा रहेको छ ।

नेपालको प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र दिगो उपयोगमार्फत वातावरणीय सन्तुलन कायम गर्दै स्थानीय समुदायको जीवनस्तर उकास्ने राष्ट्रिय लक्ष्यलाई आत्मसात् गर्दै डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतले आर्थिक वर्ष २०८२।०८३ को अवधिभर विभिन्न कार्यक्रम तथा गतिविधिहरु प्रभावकारी रुपमा सञ्चालन गरेको छ। वन व्यवस्थापन, जैविक विविधता संरक्षण, वन्यजन्तु तथा जलाधार संरक्षण, वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण, सामुदायिक वनको सुदृढीकरण, वन उद्यम प्रवर्द्धन, हरित रोजगारी सिर्जना तथा जनसहभागितामूलक वन व्यवस्थापनका क्षेत्रमा प्राप्त उपलब्धीहरु यस प्रतिवेदनमा समेटिएका छन्।

यस वार्षिक प्रगति प्रतिवेदन पुस्तिकाले कार्यालयद्वारा यस आ.व. भर सम्पन्न भएका कार्यक्रम, वित्तीय प्रगति, प्रमुख उपलब्धि, नवप्रवर्तन, चुनौती, सिकाइ तथा आगामी कार्यदिशालाई एकीकृत रुपमा प्रस्तुत गरेको छ। यसले कार्यालयको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी तथा अभिलेखीकरणयुक्त बनाउन सहयोग पुर्‌याउनुका साथै नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका लागि समेत उपयोगी सन्दर्भ सामग्रीको रुपमा कार्य गर्ने विश्वास लिइएको छ।

यस अवधिमा कार्यालयलाई आवश्यक नीति निर्देशन, बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश सरकार, प्रदेश वन निर्देशनालय, स्थानीय तह, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूह, साझेदार निकाय, सञ्चारमाध्यम, नागरिक समाज तथा प्रत्यक्ष–अप्रत्यक्ष रुपमा सहयोग पुर्‌याउनु हुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै कार्यालय तथा मातहतका सव डिभिजन वन कार्यालयहरुमा कार्यरत वरीष्ठ वन अधिकृत क्रमश: राममनोहर साह, वलमलाल चौधरी, शेरवहादुर रोकाया, चित्रण शर्मा, प्रीन्स जैसवाल, वन अधिकृत क्रमश: गणेश खाम्चा, धनञ्जय कंडेल, दिव्यांशु पाण्डे, दिपेन्द्र कोइराला, मनोज पराजुली, शाखा अधिकृत मनोज बि.सी., लेखा अधिकृत नविन कुमार शेराला लगायत सम्पूर्ण सहकर्मी राष्ट्रसेवक प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको समर्पण, व्यावसायिकता र अथक परिश्रमप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस प्रतिवेदनमा समेटिएका सूचना तथा तथ्याङ्कहरुले डिभिजन वन कार्यालय भेरीको कार्यसम्पादनलाई यथार्थ रुपमा प्रतिबिम्बित गर्ने विश्वास लिएका छौँ। आगामी दिनमा प्राप्त सुझाव, सल्लाह र रचनात्मक प्रतिक्रियालाई आत्मसात् गर्दै वन तथा वातावरण संरक्षण, दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा हरित समृद्धिको यात्रालाई अझ प्रभावकारी बनाउँदै जाने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ।

मुनवहादुर रावत
वरिष्ठ डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय भेरी
बाबियाचौर, सुर्खेत

सारांश

वहुआयामिक प्राकृतिक नवीकरणीय खुल्ला साझा सम्पत्तिको रुपमा रहेको वनस्रोतको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्ने मूल जिम्मेवारी वहन गर्न डिभिजन वन कार्यालयको व्यवस्था गरिएको छ । डिभिजन वन कार्यालय भेरीले ९१३८९ हे. वनक्षेत्र रेखदेख तथा व्यवस्थापन गर्दै आएको छ । १७९ सामुदायिक वन उपभोक्ता समूहहरुका २२३८८ (दोहोरो उपभोक्ताहरु समेत) घरधुरीहरुद्वारा ३६४००.९३ हे. वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी सहभागितामूलक वन व्यवस्थापन भई रहेको छ । २२.७५ हे. वन ३ वटा धार्मिक वन उपभोक्ता समूहहरु मार्फत संरक्षण हुँदै आएको छ । बाँकी वनक्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन हुँदै आएको छ । ४ जना जग्गाधनीहरुबाट करीव ९.१४ हे. निजी वनको रुपमा व्यवस्थापन भई रहेको तथ्याङ्क रहेको छ ।

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालू र पूँजीगत गरी ६ वटा कार्यक्रमहरु कार्यान्वयन गर्न रू. ११,३१,३६,००० (एघार करोड एकतीस लाख छत्तीस हजार) वजेट विनियोजन भएकोमा रू. ७६९५३६३६ खर्च भई समग्रमा ६८.०२ प्रतिशत वार्षिक वित्तीय प्रगति कायम हुन गएको छ । यस आ.व.मा कूल राजश्व रकम रू. ३ करोड ६४ लाख १० हजार ४४० सङ्कलन भएको छ । विभिन्न प्रजातिका गरी जम्मा १३२५८७.३५ क्यू.फि. काठ, ७४.८९ चट्टा दाउरा, ४०८.३७५ टन जडिवुटी, ३१३६० के.जी. खोटो, ६९६३६ के.जी. सल्लाको आँख्ला उत्पादन भई विक्री वितरण भएको छ । पर्यटन तथा पर्यापर्यटन पूर्वाधार निर्माण लगायत काठ दाउरा सङ्कलनबाट मात्र १११४० श्रमदिन रोजगारी सृजना हुन गएको छ । सार्वजनिक खरिदबाट प्राप्त भएको बाहेक रु ८६ लाख भन्दा बढी मूल्य अभिवृद्धि कर (मू.अ.क.) जम्मा भएको छ ।

१७ वटा सामुदायिक वनहरुको कार्ययोजना नविकरण भई सामुदायिक वन व्यवस्थापन कार्यलाई सुचारु गरिइएको छ । समूह बाहिर विक्री वितरण भएका वन पैदावारहरुबाट सामुदायिक वन उपभोक्ता समूहहरुलाई रू. ४ करोड ४२ लाख ३८ हजार ९०० भन्दा बढी (रू. ४८२३८९४५.७३) आम्दानी भएको छ । आ.व. २०७७/०७८ देखि २०८२/०८३ सम्म यस कार्यालयमा कूल २५ मुद्दाहरुका अभियोगपत्र दर्ता भएका र ७ वटा मुद्दाहरुको फैसला यसै आ.व.मा भएक छन् । आ.व.को अन्तिमसम्म कार्यालयको धरौटी खातामा मौज्दात रकम रू. १ करोड ३२ लाख ८७ हजार ८ सय ३६ रहेको छ । आ.व. २०७७/०७८ देखि २०८०/०८१ सम्म कूल जम्मा रू. १ करोड १२ लाख ४३ हजार ८ सय ३५ वेरुजू छ ।

उपरोक्त उपलब्धीहरु उल्लेखनीय भएता पनि प्रयाप्त भने होइनन् । वन पैदवारको उत्पादन तथा वनक्षेत्रको उत्पादकत्व, आयआर्जन तथा रोजगारीको सृजना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा वनक्षेत्रको योगदान वृद्धि हुने अवसरहरुलाई छोप्न र कार्यक्रम तथा कृयाकलापहरुलाई थप प्रभावकारी, परिणाममुखी तथा दिगो बनाउन सामुदायिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्नु मूलभूत कदमी हुन जरुरी छ । वन अतिक्रमण, खुल्ला चरिचरन, वन डढेलो र वन पैदावार अवैध ओसारपसार तथा निकासी र वन्यजन्तुको चोरी शिकारीलाई रोकथाम तथा नियन्त्रण गर्दै मिचाहा प्रजातिको सदुपयोग मार्फत नियन्त्रण गर्नु पर्ने आवश्यकता छ । वन्यजन्तुको बासस्थान सुधार, पानीका स्रोत संरक्षण तथा जैविक करिडोरको संरक्षण गरी सौर्य विद्युतीय तारबार, सुरक्षित गोठ, बाली संरक्षणका उपायको अवलम्बन गर्दै वन्यजन्तुबाट हुने क्षतिको छिटो छरितो राहत उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने पनि उत्तिकै खाँचो छ । भौतिक तथा प्राविधिक स्रोतसाधनयुक्त डिभिजन वन कार्यालय, वन सम्वर्द्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन अत्यावश्यक छ ।

विषय सूची

पृष्ठ

प्राक्कथन

कार्यकारी सारांश

भाग-१ : परिचय

१.१ डिभिजन वन कार्यालयको परिचय १

१.२ स्थापना, कार्यक्षेत्र र अधिकार क्षेत्र १

१.३ दूरदृष्टि, ध्येय, लक्ष्य तथा उद्देश्यहरू २

१.४ संगठन संरचना ३

१.५ जनशक्ति विवरण तथा पदीय कार्य विवरण ८

१.६ सेवा प्रवाहका प्रमुख क्षेत्र ११

१.७ सव-डिभिजन वन कार्यालयहरू १३

भाग-२ : कार्यक्षेत्रको विवरण

२.१ भौगोलिक अवस्था १४

२.२ वन क्षेत्रको अवस्था (क्षेत्रफल, वन प्रकार) १४

२.३ जैविक विविधता १५

२.४ नदी, जलाधार तथा सिमसार १५

२.५ सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, निजी वन लगायतको विवरण १५

भाग-३ : वार्षिक कार्यक्रम तथा प्रगति विवरण

३.१ वार्षिक वजेट तथा कार्यक्रम १६

३.२ वित्तीय प्रगति विवरण (स्रोतगत तथा कार्यक्रमगत र चालू तथा पूँजीगत) १७

३.३ राजश्व सङ्कलन तथा धरौटी स्थिति १९

३.४ वेरुजू विवरण २०

३.५ सामुदायिक वन गठन तथा नविकरण २१

३.६ वन अपराध रोकथाम तथा नियन्त्रण २१

३.७ वन पैदावार उत्पादन तथा विक्री वितरण २१

भाग-४: उपलब्धी र समस्या तथा समाधान

४.१ वार्षिक उपलब्धीहरू २३

४.२ प्रमुख समस्या तथा चुनौतिहरू २४

४.३ समाधानका उपाय तथा भावी कदमहरू २६

भाग-५

निश्कर्ष तथा सुझावहरू २८

अनुसूचीहरू

अनुसूची-१ : स्थानीय तहगत वनक्षेत्रको विवरण ३०
अनुसूची-२ : डिभिजनगत वनक्षेत्रको विवरण ३०
अनुसूची-३ : सामुदायिक वन उपभोक्ता समूहहरूको विवरण ३१
अनुसूची-४ : निजी वन सम्बन्धी विवरण ३९
अनुसूची-५ : धार्मिक वन सम्बन्धी विवरण ३९
अनुसूची-६ : वन अतिक्रमण विवरण ३९
अनुसूची-७ : डिभिजन वन कार्यालय भेरीमा कार्यरत कर्मचारी विवरण ४०
अनुसूची-८ : डिभिजन वन कार्यालय भेरीसँग सम्बन्धित विभिन्न नक्साहरू ४३
अनुसूची-९ : विकास आयोजनाको लागि प्रयोग गर्न दिइएको राष्ट्रिय वनक्षेत्रको विवरण ४७
अनुसूची-१० : कार्यालयमा रहेका सवारी साधनहरूको विवरण ४८
अनुसूची-११ : डिभिजन वन कार्यालय भेरीमा दर्ता भएका वन अपराध सम्बन्धी मुद्दा विवरण ४९
अनुसूची-१२ : आ.व. २०८२।०८३ को अवधिभर उत्पादन भई निकासी भएका वन पैदावारहरूको परिमाण तथा सङ्कलित राजश्व विवरण ५३
अनुसूची-१३ : विस्तृत प्रगति विवरण ५४
अनुसूची-१४ : आयोजनाहरूको फोटो सहितको विवरण ५९

भाग : १

परिचय

१.१ डिभिजन वन कार्यालयको परिचय

१२ बण्डाल (ठूला घना जंगल) १८ खण्डाल (उपत्यका) को नामले परिचित सुर्खेत जिल्लामा २०७५ सालदेखि २ वटा डिभिजन वन कार्यालयहरू छन् । जसमध्ये डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेत एक हो । यो कार्यालय हाल पञ्चपुरी नगरपालिका वडा नं. ५, बाबियाचौरमा रहेको भए पनि यसको आफ्नै कार्यालय भवन आ.व. २०८२।०८३ देखि पञ्चपुरी-४, बरैचेमा निर्माण भईरहेको छ ।

यो कार्यालय कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा वातावरण र पर्यापर्यटन तथा पर्यटन क्षेत्रको संरक्षण, संवर्द्धन तथा दिगो व्यवस्थापनका लागि जिम्मेवार प्रमुख सरकारी निकाय हो। यस कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका सरकारी वन, सामुदायिक वन, निजी वन, कबुलियती वन तथा अन्य वन व्यवस्थापन प्रणालीहरूको प्रभावकारी सञ्चालन, संरक्षण तथा विकास र पर्यटन पूर्वाधार निर्माण तथा पर्यापर्यटन प्रवर्द्धनका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

१.२ स्थापना, कार्यक्षेत्र र अधिकार क्षेत्र

स्थापना : नेपालको संघीय शासन प्रणाली लागू भएपछि वन प्रशासनलाई प्रदेश तहमा पुनर्संरचना गर्ने क्रममा प्रदेश सरकार अन्तर्गत वन प्रशासनलाई प्रभावकारी, विकेन्द्रीकृत र सेवामुखी बनाउन डिभिजन वन कार्यालयहरू स्थापना गरिएका हुन् । कार्यालयले प्रदेश सरकारको वनसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको स्थानीय स्तरमा कार्यान्वयन गर्दै वन स्रोतको संरक्षण, संवर्द्धन, दिगो व्यवस्थापन तथा उपयोगका क्षेत्रमा प्रमुख कार्यकारी निकायको रूपमा भूमिका निर्वाह गर्दै आएको छ। प्रदेश मन्त्रालयको जिम्मेवारीमा रहेको पर्यटन तर्फको फिल्डस्तरको छुट्टै निकाय नभएका कारण डिभिजन वन कार्यालयहरूले पर्यटनको थप कार्य निर्वाह गरी रहेको अवस्था छ ।

कार्यक्षेत्र : डिभिजन वन कार्यालय भेरीले आफ्नो प्रशासनिक तथा भौगोलिक कार्यक्षेत्रभित्र रहेका सरकारी वन, सामुदायिक वन, निजी वन, कबुलियती वन, धार्मिक वन तथा साझेदारी वनको संरक्षण, व्यवस्थापन र विकाससम्बन्धी कार्य सम्पादन गर्दछ। कार्यालय अन्तर्गतका सब-डिभिजन वन कार्यालयहरूमार्फत स्थानीय तहसम्म सेवा प्रवाह गरिन्छ। यस कार्यालयको कार्यक्षेत्रभित्र प्रमुखत: वन तथा वनस्पतिको संरक्षण, संवर्द्धन र दिगो व्यवस्थापन; वन सम्वर्द्धन प्रणाली तथा वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन; सामुदायिक, निजी, धार्मिक तथा कबुलियती वनको प्रवर्द्धन र नियमन; वन डढेलो नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरण; वन अतिक्रमण तथा वन अपराध नियन्त्रण; वन्यजन्तु तथा जैविक विविधता संरक्षण; वनमा आधारित उद्यम तथा गैरकाष्ठ वन पैदावार (NTFP) को विकास; जलाधार संरक्षण, भू–संरक्षण तथा पारिस्थितिकीय पुनर्स्थापना; वृक्षरोपण, नर्सरी व्यवस्थापन तथा हरित आवरण विस्तार; वन

पैदावारको वैधानिक उत्पादन, संकलन, ढुवानी तथा आपूर्ति व्यवस्थापन; वन क्षेत्रसँग सम्बन्धित सेवा प्रवाह, प्राविधिक परामर्श तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन आदि जिम्मेवारीहरू पर्दछन् ।

अधिकार क्षेत्र : यस कार्यालयको कार्यक्षेत्र भित्र सुर्खेत जिल्लाका पञ्चपुरी नगरपालिका, बराहताल र चौकुने गाउँपालिकाहरू पर्दछन् । यी कार्यक्षेत्रमा कार्यालयले कार्यान्वयन गर्ने मुख्य कानूनहरूमा वन ऐन, २०७६; वन नियमावली, २०७९; कर्णाली प्रदेश वन ऐन, २०७८; कर्णाली प्रदेश वन नियमावली, २०८०; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६; वातावरण संरक्षण ऐन, २०७६; वातावरण संरक्षण नियमावली, २०७७; प्रदेश वातावरण संरक्षण ऐन, २०७७; प्रदेश वातावरण संरक्षण नियमाली, २०७७ आदि पर्दछन् ।

१.३ दूरदृष्टि, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

डिभिजन वन कार्यालय भेरीको दूरदृष्टी, ध्येय, लक्ष्य र उद्देश्यहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ:

१.३.१ दूरदृष्टि (Vision)

दीगो वन : समृद्ध जीवन

१.३.२ ध्येय (Mission)

जनसहभागितामूलक दिगो वन व्यवस्थापनमार्फत वातावरण संरक्षण र नवप्रवर्द्धनमा आधारित हरित अर्थतन्त्रको विकासद्वारा रोजगारी तथा आयआर्जनका अवसरहरू सृजना गरी समुदायहरूमा समृद्धि ल्याउनु ।

१.३.३ लक्ष्यहरू (Goals)

क) वन, वातावरण र जैविक विविधताको संरक्षण तथा दीगो व्यवस्थापन सुनिश्चित गर्नु ।
ख) जनसहभागितामूलक वन व्यवस्थापनमार्फत हरित अर्थतन्त्रको विकास गर्नु ।
ग) नवप्रवर्द्धनमा आधारित वन-उद्यम, रोजगारी र आयआर्जनका अवसर विस्तार गर्नु ।
घ) समुदायको सामाजिक-आर्थिक समृद्धि र जीवनस्तरमा सुधारमा योगदान पुरयाउनु ।
ङ) सुशासन, पारदर्शिता र संस्थागत क्षमता सुदृढ गर्नु ।

१.४ उद्देश्यहरू (Objectives)

(क) वन, वातावरण र जैविक विविधताको संरक्षण तथा दीगो व्यवस्थापन सुनिश्चित गर्न

- वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोगलाई दीगो तुल्याउने ।
- वन डढेलो, अवैध कटानी, चोरी शिकारी/निकाशी र वन अतिक्रमणलाई रोकथाम/नियन्त्रण गर्ने ।
- भू-संरक्षण, जलाधार व्यवस्थापन र जलवायू अनुकूलन कार्यक्रम सञ्चालन गर्ने ।

(ख) जनसहभागितामूलक वन व्यवस्थापनमार्फत हरित अर्थतन्त्रको विकास गर्न

- ❖ सामुदायिक वन उपभोक्ता समूहमा महिला, दलित, आदिवासी/जनजाति र युवाको सार्थक सहभागिता बढाउने ।
- ❖ वन व्यवस्थापनमा स्थानीय ज्ञान र अभ्यासलाई समावेश गर्ने ।

(ग) नवप्रवर्द्धनमा आधारित वन-उद्यम, रोजगारी र आयआर्जनका अवसर विस्तार गर्न

- ❖ नवप्रवर्द्धन, प्रविधि हस्तान्तरण र हरित उद्यमशीलता प्रवर्द्धन गर्ने ।
- ❖ जडिबुटी, गैह्रकाष्ठ वन पैदावार र वनमा आधारित उद्यम र मूल्य श्रृंखला विकास गर्ने ।
- ❖ पर्यापर्यटन (Eco-Tourism) र प्रकृतिमैत्री व्यवसाय विस्तार गर्ने ।

(घ) समुदायको सामाजिक-आर्थिक समृद्धि र जीवनस्तरमा सुधारमा योगदान पुरयाउन


- ❖ वन व्यवस्थापन, उद्यम र सेवामा स्थानीय रोजगारी सृजना गर्ने ।
- ❖ सीप विकास, तालीम र सहुलियतपूर्ण वित्त/बजार पहुँच बनाउने ।

(ङ) सुशासन, पारदर्शिता र संस्थागत क्षमता सुदृढ गर्नु

- ❖ वन नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- ❖ पारदर्शी सेवा प्रवाह, अनुगमन मूल्याङ्कन प्रणाली सुदृढ गर्ने ।
- ❖ स्थानीय सरकार निजीक्षेत्र र विकास साझेदारसँग समन्वय र साझेदारी बढाउने ।

१.४ संगठन संरचना

यस कार्यालयका ४ वटा शाखाहरू र ६ वटा सव डिभिजन वन कार्यालयहरूमा गरी २० पदहरूका १०० जना कर्मचारीहरूको दरवन्दी रहेको छ । कार्यालयको साँगठनिक संरचनालाई देहाय बमोजिम देखाउन सकिन्छ :



(क) योजना तथा व्यवस्थापन शाखा : डिभिजन वन कार्यालयको योजना तर्जुमा, कार्यक्रम सञ्चालन, अनुगमन, मूल्याङ्कन तथा वन व्यवस्थापनसम्बन्धी कार्यहरूको समन्वय गर्ने प्रमुख प्राविधिक शाखा हो। यस शाखाले कार्यालयको वार्षिक तथा बहुवर्षीय योजना तयारीदेखि कार्यक्रम कार्यान्वयन, प्रगति मूल्याङ्कन र प्रतिवेदन व्यवस्थापनसम्मका कार्यहरू सम्पादन गर्दछ। यस शाखाको विस्तृत कार्यजिम्मेवारीहरू देहायानुसार छन् :

- वार्षिक तथा बहुवर्षीय योजना, कार्यक्रम र बजेट तर्जुमा तथा समन्वय।
- स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा।
- भौतिक तथा वित्तीय प्रगति विवरण संकलन, विश्लेषण र प्रतिवेदन तयारी।
- वन व्यवस्थापन, वन सम्वर्द्धन तथा वन पुनर्स्थापना कार्यक्रमको समन्वय।
- सामुदायिक, निजी, कबुलियती तथा धार्मिक वन व्यवस्थापन कार्यक्रमको योजना तथा अनुगमन।
- वन क्षेत्रको तथ्याङ्क, अभिलेख, GIS तथा सूचना व्यवस्थापन।
- वन पैदावार उत्पादन, आपूर्ति तथा राजस्व सम्बन्धी तथ्याङ्क विश्लेषण।
- वार्षिक प्रगति प्रतिवेदन, कार्यक्रम समीक्षा तथा प्रकाशन तयारी।

- स्थानीय तह, सब-डिभिजन वन कार्यालय तथा अन्य सरोकारवालासँग योजना कार्यान्वयनमा समन्वय।
- दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको समन्वय।
- वनसम्बन्धी नीति, मापदण्ड तथा कार्यविधिको कार्यान्वयनमा सहजीकरण।
- कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन तथा सुधारका लागि सुझाव प्रदान गर्ने।
- कार्यालयको रणनीतिक योजना, वार्षिक कार्ययोजना तथा कार्यसम्पादन सूचकहरूको व्यवस्थापन।
- मन्त्रालय, वन निर्देशनालय तथा अन्य निकायले माग गरेका योजना तथा प्रगति विवरण समयमै उपलब्ध गराउने।
- अन्य शाखाहरूको कार्यक्रम कार्यान्वयनमा प्राविधिक समन्वय र सहकार्य गर्ने।

(ख) कर्मचारी प्रशासन शाखा : डिभिजन वन कार्यालयको मानव स्रोत व्यवस्थापन, प्रशासनिक कार्य सञ्चालन तथा कार्यालय व्यवस्थापनसँग सम्बन्धित कार्यहरू गर्ने प्रमुख शाखा हो। यस शाखाले कर्मचारी प्रशासन, कार्यालय सञ्चालन, अभिलेख व्यवस्थापन तथा प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने कार्य गर्दछ। यस शाखाको लागि निम्नानुसारका कार्यजिम्मेवारीहरू प्रमुख हुन् ।

- कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, काज, बिदा र अवकाशसम्बन्धी प्रशासनिक कार्य सम्पादन गर्ने।
- कर्मचारीको व्यक्तिगत विवरण तथा सेवा अभिलेख अद्यावधिक गरी सुरक्षित राख्ने।
- कार्यसम्पादन मूल्याङ्कन तथा कार्यसम्पादन करार सम्बन्धी कार्यहरू सञ्चालन गर्ने।
- कर्मचारीको हाजिरी, अनुशासन, आचारसंहिता तथा कार्यालय समयको अनुगमन गर्ने।
- कार्यालयको पत्राचार, दर्ता, चलानी तथा अभिलेख व्यवस्थापन गर्ने।
- कार्यालय बैठक, गोष्ठी तथा कार्यक्रमहरूको प्रशासनिक व्यवस्थापन गर्ने।
- कार्यालयका जिन्सी सामग्री, फर्निचर, उपकरण तथा सम्पत्तिको अभिलेख र संरक्षण गर्ने।
- सार्वजनिक खरिद प्रक्रियामा प्रशासनिक सहजीकरण तथा सम्झौता व्यवस्थापनमा सहयोग गर्ने।
- कार्यालय भवन, सवारी साधन तथा अन्य भौतिक सम्पत्तिको व्यवस्थापन र मर्मतसम्भारको समन्वय गर्ने।
- कर्मचारीको क्षमता विकास, तालिम तथा अभिमुखीकरण कार्यक्रमको व्यवस्थापन गर्ने।
- सूचना अधिकार, गुनासो व्यवस्थापन तथा नागरिक बडापत्रको कार्यान्वयनमा सहयोग गर्ने।
- कार्यालय सुरक्षा, सरसफाइ तथा दैनिक प्रशासनिक व्यवस्थापन सुनिश्चित गर्ने।
- मन्त्रालय, निर्देशनालय र अन्य निकायले माग गरेका प्रशासनिक विवरण/प्रतिवेदन तयार गरी पठाउने।

- प्रचलित कानुन, नियम तथा कार्यविधिअनुसार प्रशासनिक कार्यहरूको कार्यान्वयन सुनिश्चित गर्ने।
- कार्यालय प्रमुखले तोकेका अन्य प्रशासनिक कार्यहरू सम्पादन गर्ने।

(ग) आर्थिक प्रशासन शाखा : डिभिजन वन कार्यालयको वित्तीय व्यवस्थापन, बजेट सञ्चालन, लेखा प्रणाली तथा राजस्व व्यवस्थापन गर्ने प्रमुख शाखा हो। यस शाखाले प्रचलित आर्थिक ऐन, नियम, सार्वजनिक वित्त व्यवस्थापनका सिद्धान्त तथा सरकारी लेखा प्रणालीअनुसार कार्यालयको आर्थिक प्रशासनलाई पारदर्शी, मितव्ययी र उत्तरदायी बनाउने कार्य गर्दछ। यस शाखाको लागि निम्नानुसारका कार्यजिम्मेवारीहरू प्रमुख हुन् ।

- वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि वित्तीय योजना तयार गर्ने।
- स्वीकृत बजेटको निकासा, खर्च तथा लेखा व्यवस्थापन गर्ने।
- सरकारी लेखा प्रणाली (PLMBIS, CGAS लगायत) अनुसार आर्थिक कारोबारको अभिलेख राख्ने।
- मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक आर्थिक प्रगति प्रतिवेदन तयार गर्ने।
- आर्थिक कारोबारको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने।
- राजस्व संकलन, दाखिला तथा अभिलेख व्यवस्थापन गर्ने।
- कर्मचारीको तलब, भत्ता, पारिश्रमिक, भ्रमण खर्च तथा अन्य भुक्तानी सम्बन्धी कार्य सम्पादन गर्ने।
- सार्वजनिक खरिदमा आर्थिक पक्षको परीक्षण तथा भुक्तानी प्रक्रिया सञ्चालन गर्ने।
- पेश्की निकासा, फछ्र्योट तथा आर्थिक दायित्वहरूको व्यवस्थापन गर्ने।
- जिन्सी तथा आर्थिक अभिलेखबीच समन्वय कायम गरी वार्षिक मौज्दात परीक्षणमा सहयोग गर्ने।
- आन्तरिक र अन्तिम लेखापरीक्षणका लागि आवश्यक कागजात तयार गरी बेरुजु फछ्र्योटको कार्य गर्ने।
- आर्थिक अनुशासन, मितव्ययिता तथा वित्तीय सुशासन कायम गर्ने।
- बैंक खाता सञ्चालन, मिलान विवरण तथा नगद व्यवस्थापन गर्ने।
- मन्त्रालय, निर्देशनालय र सम्बन्धित निकायले माग गरेका आर्थिक विवरण/प्रतिवेदन उपलब्ध गराउने।
- प्रचलित आर्थिक ऐन, नियम, कार्यविधि तथा लेखा मापदण्डको पालना सुनिश्चित गर्ने।

(घ) सशस्त्र वन सुरक्षा शाखा : डिभिजन वन कार्यालयको वन सुरक्षा, वन अपराध नियन्त्रण तथा वन स्रोतको संरक्षणका लागि जिम्मेवार प्रमुख शाखा हो। यस शाखाले वन ऐन तथा प्रचलित कानुन बमोजिम वन क्षेत्रको सुरक्षा, अवैध गतिविधि नियन्त्रण तथा वनसम्बन्धी कसुरको रोकथामका लागि सुरक्षा निकाय तथा अन्य सरोकारवालासँग समन्वय गरी कार्य गर्दछ। यस शाखाको लागि निम्नानुसारका कार्यजिम्मेवारीहरू प्रमुख हुन् ।

- वन अतिक्रमण, अवैध कटानी, चोरी निकासी तथा वन पैदावारको अवैध ओसारपसार नियन्त्रण गर्ने।
- वन क्षेत्रमा नियमित गस्ती, निगरानी तथा सुरक्षा व्यवस्था सुदृढ गर्ने।
- वन अपराधको सूचना संकलन, अनुसन्धान तथा कानुनी कारबाहीमा सहयोग गर्ने।
- वन अपराधमा प्रयोग भएका काठ, वन पैदावार, सवारी साधन तथा उपकरणको नियन्त्रण र संरक्षण गर्ने।
- वन डढेलो नियन्त्रण तथा विपद् व्यवस्थापनमा अग्रपङ्क्तिमा परिचालन हुने।
- वन्यजन्तुको अवैध सिकार तथा तस्करी नियन्त्रणमा आवश्यक सुरक्षा कार्य गर्ने।
- मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका क्रममा आवश्यक सुरक्षा तथा उद्धार कार्यमा सहयोग गर्ने।
- संवेदनशील वन क्षेत्र, जैविक विविधता क्षेत्र तथा सरकारी वनको विशेष सुरक्षा गर्ने।
- स्थानीय सुरक्षा निकाय, प्रशासन तथा स्थानीय तहसँग समन्वय गरी संयुक्त सुरक्षा अभियान सञ्चालन गर्ने।
- वन क्षेत्रमा हुने अवैध क्रियाकलापको जोखिम विश्लेषण तथा सुरक्षा योजना तयार गर्ने।
- वन अपराधसम्बन्धी मुद्दाका लागि प्रमाण संकलन तथा अनुसन्धानमा प्राविधिक सहयोग गर्ने।
- वन सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा समुदायसँग समन्वय गर्ने।
- कार्यालय प्रमुखले तोकेका अन्य वन सुरक्षा सम्बन्धी कार्यहरू सम्पादन गर्ने।

(ङ) **सवडिभिजन वन कार्यालयहरू :** डिभिजन वन कार्यालय अन्तर्गतका स्थानीय सेवा प्रवाह गर्ने क्षेत्रीय इकाइहरू हुन्। यी कार्यालयहरूले आफ्नो कार्यक्षेत्रभित्र वन संरक्षण, दिगो वन व्यवस्थापन, वन पैदावार व्यवस्थापन तथा वनसम्बन्धी सेवाहरू स्थानीय स्तरमै उपलब्ध गराउने कार्य गर्दछन्। डिभिजन वन कार्यालयबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरी स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय गर्दै वन स्रोतको संरक्षण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। यस शाखाको लागि निम्नानुसारका कार्यजिम्मेवारीहरू प्रमुख हुन् ।

- वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दिगो व्यवस्थापन गर्ने।
- सरकारद्वारा व्यवस्थित र समूहमा आधारित वनको नियमित अनुगमन तथा प्राविधिक सहजीकरण गर्ने।
- वन सम्वर्द्धन प्रणाली, वृक्षरोपण, वन पुनर्स्थापना तथा नर्सरी कार्यक्रम सञ्चालन गर्ने।
- वन डढेलो रोकथाम, नियन्त्रण तथा उद्धार कार्यमा समन्वय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी, चोरी निकासी तथा वन अपराधको रोकथाम र नियन्त्रण गर्ने।
- वन्यजन्तु संरक्षण तथा मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा सहकार्य गर्ने।
- वन पैदावारको लगत संकलन, नापतौल तथा पैमाइस, चेकजाँच तथा प्रमाणीकरण सम्बन्धी कार्यहरू गर्ने।
- कटान आदेश तथा छोडपूर्जी सिफारिस तथा अभिलेख व्यवस्थापन गर्ने।

- सामुदायिक वन समूह गठन, कार्ययोजना तयारी, नवीकरण तथा क्षमता विकासमा सहजीकरण गर्ने।
- वनमा आधारित उद्यम, गैरकाष्ठ वन पैदावार तथा हरित रोजगारी प्रवर्द्धन गर्ने।
- स्थानीय तह, सुरक्षा निकाय, विद्यालय, उपभोक्ता समूह तथा अन्य सरोकारवालासँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- कार्यालयको वार्षिक योजना, प्रगति विवरण तथा तथ्याङ्क संकलन गरी डिभिजन वन कार्यालयमा नियमित प्रतिवेदन पठाउने।
- प्रचलित वन ऐन, नियम तथा कार्यविधिअनुसार वनसम्बन्धी सेवा प्रवाह गर्ने।
- डिभिजन वन कार्यालयबाट प्रत्यायोजित अन्य कार्यहरू सम्पादन गर्ने।

१.५ जनशक्ति विवरण तथा पदीय कार्य विवरण

डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतमा कार्यरत जनशक्तिको विस्तृत विवरण अनुसूची ६ मा देखाइएको छ । यस कार्यालयको स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरूको पदीय कार्य विवरण देहाय बमोजिमको रहेको छ ।

पदको नाम	कार्यविवरण
डिभिजनल वन अधिकृत (९/१० तह)	○ वन संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका कार्यहरू सम्पादन गराउने ○ वन अपराध रोकथाम तथा नियन्त्रण र न्याय सम्पादनको लागि नेतृत्व प्रदान गर्ने ○ स्वीकृत वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको प्रवन्ध मिलाउने ○ योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका कार्यहरू गर्ने गराउने ○ वन विकास तथा व्यवस्थापनको लागि स्थानीय समुदाय र कर्मचारीलाई परिचालन गर्ने ○ सुशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने गराउने ○ आर्थिक प्रशासन तथा अनुशासनका कार्यहरू गर्ने गराउने।
वन अधिकृत (योजना तथा अनुगमन)	○ वार्षिक कार्यक्रम कार्यान्वयनको लागि कार्यादेश सम्बन्धी कार्य गर्ने । ○ कार्यक्रमको ड्राइङ्ग डिजाइन, लागत इष्टिमेटको चेकजाँच, रुजु र सिफारिस गर्ने । ○ वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गर्ने । ○ कार्यक्रम अनुगमन, प्रभावकारिता मापन र मूल्याङ्कन गर्ने । ○ मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार गर्ने । ○ कार्यक्रम आवश्यकता पहिचान, प्राथमिकिकरण र बार्षिक योजना तर्जुमा गर्ने । ○ योजना, कार्यक्रम र बजेट सम्बन्धी सुचना तथा तंथ्याकलाई व्यवस्थित गर्ने । ○ वन क्षेत्र सम्बन्धी सरोकारवाला निकायहरू संग समन्वय र सहकार्य गर्ने । ○ निर्माण उपभोक्ता समितिको गठन, अभिलेख व्यवस्थापन र सम्झौता तयार गर्ने । ○ प्रस्ताव र बोलपत्र आह्वान, मूल्याङ्कन र छनौट सम्बन्धी कार्यहरू गर्ने ।

पदको नाम	कार्यविवरण
वन अधिकृत (वन व्यवस्थापन)	○ वन पैदावार सदुपयोगको चेकजाँच, निरीक्षण, नापतौल र अभिलेख राख्ने । ○ वन पैदावारहरूको लगत अनुमान तयार गर्ने । ○ वन व्यवस्थापन सम्बन्धी प्राविधिक राय सुझाव दिने । ○ वन व्यवस्थापन कार्ययोजना तयारी, कार्यान्वयन र अनुगमन/मूल्याङ्कन गर्ने । ○ विधान तथा कार्ययोजना नविकरण तथा हस्तान्तरण सम्बन्धी कार्य गर्ने । ○ वन व्यवस्थापनको लागि सब डिभिजन कार्यालयहरू संग समन्वय गर्ने । ○ वन व्यवस्थापन र सदुपयोग सम्बन्धी सूचना तथा तंथ्याकलाई व्यवस्थित गर्ने । ○ IEE, EIA र अन्य सम्झौता तयारी, कार्यान्वयन र अनुगमन गर्ने । ○ सा.व.उ.स.को कागजातहरू (लेखापरीक्षण र वार्षिक प्रतिवेदन) व्यवस्थित राख्ने । ○ सामुदायिक, धार्मिक, कवुलियती र निजी वनको तथ्यांक अध्यावधि गर्ने ।
वन अधिकृत (स.डि.व.का. ईन्चार्ज)	○ कार्यादेश बमोजिमको कार्यक्रम संचालन गर्ने । ○ वन क्षेत्रको अनुगमन, प्रभावकारीता मापन तथा मूल्याङ्कन गर्ने । ○ वन तथा वन्यजन्तु अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने । ○ वन तथा वन्यजन्तु अपराध अनुसन्धान तथा तहकिकात गर्ने । ○ स्थलगत निरिक्षण, चेकजाँच, नापतौल, लगत अनुमान सम्बन्धी कार्य गर्ने । ○ कार्यक्षेत्र भित्र नियमित टुर गस्ती गर्ने गराउने । ○ वन संरक्षण, संवद्र्धन (विकास) र सदुपयोगको लागि प्राबिधिक सेवा प्रवाह गर्ने । ○ कार्ययोजना तथा बिधान तयारी कार्यमा प्राबिधिक सहयोग र सिफारिस गर्ने । ○ स्थानिय तहको समन्वयमा सब डिभिजन स्तरिय योजना तर्जुमा गर्ने । ○ वन क्षेत्र सम्बन्धी स्थानिय सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।
रेञ्जर/अधिकृत (५/६ तह)	○ वन तथा वन्यजन्तु अपराध अनुसन्धान तथा तहकिकातमा सहयोग गर्ने । ○ वन पैदावारको चेकजाँच, पैमाइस, निरिक्षण, नापतौल र अभिलेखमा सहयोग गर्ने ○ कार्यक्रमको लागत इष्टिमेटको चेकजाँच, रुजु र सिफारिसमा सहयोग गर्ने । ○ योजना तथा व्यवस्थापन शाखा सम्बन्धी अन्य कार्य सम्पादनमा सहयोग गर्ने । ○ उजुरी, गुनासो, सुराक, जाहेरी सम्बन्धी अभिलेख राख्ने र कारबाही गर्ने । ○ डिभिजन तथा सव डिभिजन स्तरीय टुर गस्ती परिचालन सम्बन्धी कार्य गर्ने ।
सहायक/अधिकृत (५/६ तह) सामान्य प्रशासन	○ प्राप्त पत्रलाई दर्ता गर्ने ○ प्रेशित हुने पत्रको चलानी गर्ने ○ कार्यरत कर्मचारीको विवरण अध्यावधिक गरी वैयक्तिक फाइल सुरक्षित राख्ने ○ सूचना पाटी, नागरिक वडापत्र, उजुरी पेटिका र सोधपुछ कक्षका कार्यहरू गर्ने ○ नेमप्लेट, परिचयपत्र, सम्पर्क नं., मन्त्रालय/विभागको सूचना अध्यावधिक राख्ने ○ कर्मचारीहरूको हाजिरी र विदाको अभिलेख राख्ने

पदको नाम	कार्यविवरण
	○ कार्यसम्पादन मूल्याङ्कनका कार्यहरू गर्ने ○ कर्मचारीहरूको सम्पति विवरण फारम वितरण र संकलन गरी समयमै पठाउने ○ सुरक्षा र पालोपहराको व्यवस्था मिलाई कार्यालय सहयोगीहरूलाई परिचालन गर्ने ○ स्टोर तथा जिन्सी सम्बन्धी विविध कार्यहरू गर्ने गराउने ○ स्टाफ बैठकको माईनटिङ्ग गर्ने ○ प्रशासन सम्बन्धि तोकिएका अन्य कार्यहरू गर्ने ।
सहायक/अधिकृत (५/६ तह) आर्थिक प्रशासन	○ बजेट तर्जुमा कार्यमा सहयोग गर्ने ○ स्वीकृत कार्यक्रम अनुसार निकासा माग गर्ने ○ निकाशा रकम खर्चको हिसाव कितावा रीतपूर्वक राख्ने ○ खर्च एवं आर्थिक विवरण तयार गरी पेश गर्ने र सम्बन्धित निकायमा पठाउने ○ लेखापरीक्षण गराउन सहयोग गर्ने ○ कायम बेरुजूको लगत राख्ने ○ बेरुजू फछ्र्यौट गर्ने गराउने ○ आर्थिक कारोबारमा कार्यालय प्रमुखलाई राय दिने ○ लेखा सम्बन्धी अन्य कार्यहरू गर्ने
फरेष्टर (४/५ तह)	○ कार्यक्षेत्र भित्रको सम्पुर्ण वन क्षेत्रको नियमित टुर गस्ती गर्ने । ○ गस्ती क्रममा भएका कार्यको प्रतिवेदन तयार गर्ने । ○ स्थानिय सरोकारवालाहरू संग समन्वय र सहकार्यमा सहयोग गर्ने । ○ समूहमा तालिम गोष्ठी संचालनमा सहयोग गर्ने । ○ समूहहरूमा आम भेला तथा बैठकहरूमा सहजिकरण गर्ने । ○ वन अपराधको अनुसन्धान तथा तहकिकात गर्ने ।
सहायक ४/५ प्रशासन	○ खरीद आदेस भरी स्वीकृत गराउने ○ खरिद ईकाइ समिति गठन र सामान खरिद कार्यमा सहयोग गर्ने ○ कार्यालयमा प्राप्त भएका जिन्सी सामानहरूको दाखिला गर्ने ○ मागफारम बमोजिम खर्च भएर जाने सामानको खर्च गर्ने ○ चल अचल सम्पतिको लगत राख्ने ○ जिन्सी सामानहरूको वर्गिकरण गर्ने र अवस्था अनुसार लिलाम विक्रीको कार्य गर्ने ○ खर्च भएर नजाने सामानमा देखिने गरी जिन्सी खाता पाना नं. लेख्ने ○ जिन्सि सहायक खाताको अभिलेख अध्यवधिक गरी राख्ने ○ जिन्सी निरीक्षणको वार्षिक प्रतिवेदन तयार गर्न निरीक्षकलाई सहयोग गर्ने ○ खर्च भएर नजाने जिन्सीको जिम्मा जमानीको कागजात तयार गरी टांस्ने ○ फ्याक्स, फोटोकपि, प्रिन्ट र स्क्यान गर्ने र स्टोरको अन्य कार्यहरू गर्ने

पदको नाम	कार्यविवरण
ह.स.चा. प्रशासन	
वन रक्षक	○ कार्यक्षेत्र भित्रको सम्पुर्ण वन क्षेत्रको नियमित टुर गस्ती गर्ने । ○ गस्ती क्रममा भए गरेका कार्यको प्रतिवेदन कार्यवाहीको लागि पेश गर्ने । ○ समूहमा तालिम गोष्ठी संचालनमा सहयोग गर्ने । ○ समूहहरूमा आम भेला तथा बैठकहरूमा सहजिकरणको लागि सहयोग गर्ने । ○ उपभोक्ता घरधुरी, वन सिमाना र वनस्रोत सर्वेक्षणमा सहयोग गर्ने । ○ तोकिए अनुसारको अन्य कार्य गर्ने ।
का.स./ चौकिदार तहविहिन	○ कार्यालयको पत्रहरू बुझ्ने र बुझाउने ○ पत्रहरूमा छाप लगाउने ○ कार्यालयको चल अचल सम्पतिको सुरक्षा/पालोपहरा गर्ने ○ हुलाक, विद्युत, खानेपानी, वैंक र अन्य कार्यालयको कार्यहरू गर्ने ○ कार्यालय फाइल, फर्निचर, डकुमेन्ट व्यवस्थापनमा सहयोग गर्ने ○ कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने ○ सोधपुछ मुताविक सेवाग्राहीलाई सम्बन्धित फाँट/कर्मचारीमा पुऱ्याउने ○ कार्यालय कम्पाउण्डको सरसफाई गर्ने ○ कार्यालय सहयोगीले गर्नु पर्ने अन्य कार्यहरू गर्ने

१.६ सेवा प्रवाहका प्रमुख क्षेत्र

यस कार्यालयका सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

१.६.१ राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन तथा सम्वर्द्धन

१.६.१.१ वन संरक्षण तथा गस्ती
१.६.१.२ वन सम्वर्द्धन प्रणालीको कार्यान्वयन
१.६.१.३ वन अतिक्रमण नियन्त्रण

१.६.२ सामुदायिक वन व्यवस्थापन

१.६.२.१ सामुदायिक वन गठन, हस्तान्तरण तथा नवीकरण
१.६.२.२ कार्ययोजना स्वीकृति तथा संशोधन
१.६.२.३ प्राविधिक सहयोग, अनुगमन तथा क्षमता विकास

१.६.३ कबुलियती, धार्मिक, साझेदारी तथा निजी वन व्यवस्थापन

१.६.३.१ वन हस्तान्तरण तथा नवीकरण
१.६.३.२ प्राविधिक परामर्श र अनुगमन

१.६.४ वन पैदावार व्यवस्थापन

१.६.४.१ काठ, दाउरा तथा गैरकाष्ठ वन पैदावारको संकलन, ओसारपसार तथा बिक्री–वितरणका लागि अनुमति

१.६.४.१ वन पैदावारको मूल्याङ्कन तथा नियमन

१.६.५ जैविक विविधता तथा वन्यजन्तु संरक्षण

१.६.५.१ वन्यजन्तु उद्धार तथा व्यवस्थापन

१.६.५.२ मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण

१.६.५.३ जैविक विविधता संरक्षण कार्यक्रम

१.६.६ वृक्षारोपण तथा नर्सरी व्यवस्थापन

१.६.६.१ बिरुवा उत्पादन तथा वितरण

१.६.६.२ सार्वजनिक, निजी तथा संस्थागत वृक्षारोपण कार्यक्रम

१.६.७ वन अपराध नियन्त्रण

१.६.७.१ अवैध कटानी, तस्करी तथा चोरी सिकारी नियन्त्रण

१.६.७.२ वन मुद्दाको अनुसन्धान, दर्ता तथा कानुनी कारबाही

१.६.८ वातावरण तथा जलवायु परिवर्तन

१.६.८.१ वातावरण संरक्षण कार्यक्रम

१.६.८.२ जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका गतिविधि

१.६.८.३ हरित विकास प्रवर्द्धन

१.६.९ प्राविधिक सेवा तथा परामर्श

१.६.९.१ वन व्यवस्थापनसम्बन्धी प्राविधिक परामर्श

१.६.९.२ नक्साङ्कन, वन सर्वेक्षण तथा तथ्याङ्क व्यवस्थापन

१.६.१० जनचेतना, तालिम तथा क्षमता विकास

१.६.१०.१ उपभोक्ता समूह, स्थानीय तह तथा सरोकारवालालाई तालिम

१.६.१०.२ वन संरक्षणसम्बन्धी जनचेतनामूलक कार्यक्रम

१.६.११ योजना, अनुगमन तथा प्रतिवेदन

१.६.११.१ वार्षिक योजना तर्जुमा

१.६.११.२ कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१.६.११.३ प्रगति प्रतिवेदन तथा अभिलेख व्यवस्थापन

१.६.१२ नागरिक सेवा तथा सूचना प्रवाह

१.६.१२.१ वनसम्बन्धी सिफारिस तथा प्रमाणित सेवा

१.६.१२.२ सूचना तथा गुनासो व्यवस्थापन

१.६.१२.३ सेवा प्रवाह सम्बन्धी नागरिक सहायता तथा समन्वय

१.७ सव-डिभिजन वन कार्यालयहरू

यस कार्यालय अन्तर्गत ६ वटा सवडिभिजन वन कार्यालयहरू रहेका छन् । यी सवडिभिजन वन कार्यालयहरूको कार्यक्षेत्र देहाय बमोजिम कायम गरिएको छ ।

तालिका नं. १ : सवडिभिजन वन कार्यालय (स.डि.व.का.) को कार्यक्षेत्र विवरण

क्र.सं.	स.डि.व.का.	कूल भूभाग (हे.)	वन क्षेत्रफल (हे.)	स्थानीय तह
१	बराहताल	२२८७४	११३७८	बराहताल १, २, ३ र ४
२	लेखगाऊ	११२९५	९९६९	बराहताल ८, ९ र १०
३	बड्डीचौर	१५९८७	१३५७०	बराहताल ५, ६, ७ र पञ्चपुरी १, २, ३
४	पञ्चपुरी	२३००१	१९७३८	पञ्चपुरी ४, ५, ६, ७, १० र ११
५	चौकुने	१६८०७	१३९७८	पञ्चपुरी ८, ९ र चौकुने ६, ७, ८, ९, १०
६	वेतान कर्णाली	२६०३३	२२७५७	चौकुने १, २, ३, ४ र ५
जम्मा क्षेत्रफल (हे.)		**११५९९७**	**९१३८९**	

तालिका नं. १ : सवडिभिजन वन कार्यालयहरूको भूउपयोग सम्बन्धी विवरण

भूउपयोग/ सडिवका	बराहताल	लेखगाऊ	बड्डीचौर	पञ्चपुरी	चौकुने	वेतान कर्णाली	जम्मा
जंगल क्षेत्र	१०३३०.१०	९०५८.८४	१२१०४.७७	१७५९१.६६	१२५०७.६१	२१०४९.४६	८२६४२.४४
बुट्यान क्षेत्र	३९५.४३	९०९.६६	१३१९.८५	१४५०.७३	१०६१.२४	१२७३.३२	६४१०.२४
खेतीयोग्य जमिन	२९३.१४	८१४.९६	१२७१.९८	१६८४.२९	१८९२.५३	२७८०.५७	८७३७.४८
जलस्रोत क्षेत्र	३५१.८४	०.००	९७.३१	३२४.६४	१६७.५२	२११.८६	११५३.१८
आवादी क्षेत्र	१३१.८२	५११.१०	११४५.३६	१५७८.७४	९३६.८०	४९५.९२	४७९९.७४
खाली क्षेत्र	२९२.३९	०.१९	४३.०५	३५२.२८	२३१.५७	२०६.६६	११२६.१४
घाँसे मैदान	८.५१	०.२४	४.६८	१८.४७	९.६९	१४.६४	५६.२३
तटिय क्षेत्र	०.००	०.००	०.००	०.२१	०.०४	०.५७	०.८१
मध्यवर्ती क्षेत्र	११०७०.३०	०.००	०.००	०.००	०.००	०.००	११०७०.३०
जम्मा	**२२८७४**	**११२९५**	**१५९८७**	**२३००१**	**१६८०७**	**२६०३३**	**११५९९७**

भाग : २

कार्यक्षेत्रको विवरण

२.१ भौगोलिक अवस्था



यस डिभिजनको भूभागलाई भौगोलिक अवस्थाका आधारमा महाभारत श्रृंखला, मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्र र चुरे श्रृंखला गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ । कार्यक्षेत्रको उत्तरी भेगमा १००० मिटरदेखि माथिको उचाइ तथा २०° देखि ४०° ढलीय कोण भएको तीव्र ढाल तथा प्राचीन चट्टानयुक्त पर्वतीय भू-आकृति भएको भूभाग नै महाभारत श्रृंखला हो । परिवर्तित चट्टान, बलौटे ढुंगा, चुन ढुंगाबाट बनेका चट्टान र प्राकृतिक सुरुङ्ग तथा गुफाहरू भएका यस भूआकृति अन्तरगत लेखगाऊ, छाप्रे आदि पर्दछन् । जिल्लाको मध्य भागमा करीव २५० मिटरदेखि झण्डै १००० मिटरसम्मको उचाइ; १०° देखि २०° सम्मको ढलीय कोण तथा मध्य ढलदेखि समथर भूभागमा पूर्ण विकसित पाँगो माटो, बलौटे दमट माटो र नविनतम् चट्टानको संरचना रहेको भूगोल क्षेत्र नै मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्र हो । यस अन्तरगत उत्तरगंगा, चेपाङ्ग, कुनाथरी, बाबियाचौर, विद्यापुर, गुठु, जामु, घाटगाउ, कुइने आदि स्थानहरू पर्दछन् । करिब १००० मिटरदेखि झण्डै १५०० मिटरसम्मको उचाईमा ३० भन्दा बढी भिरालो कोण भएको भेरी नदीको दक्षिण तर्फ फैलिएको कमजोर भूसंरचना भएको कङ्गकड वलौटे माटोको बाहुल्यता रहेको भूभाग नै चुरे श्रृंखला हो । यस अन्तरगत तातापानी, हरिहरपुर, तरङ्गा आदि स्थानहरू पर्दछन् ।

२.२ वन क्षेत्रको अवस्था (क्षेत्रफल, वन प्रकार)

सुर्खेत जिल्लाको कूल भूभागको क्षेत्रफल २४७६४४ हेक्टर (हे.) रहेको छ (http://rris.nnrfc.gov.np) । जिल्लाको कूल भूभागको ६९.५४ प्रतिशत (१७२२.२० व.कि.मि.) वनक्षेत्रले ओगटेको छ । साविकको जिल्ला वन कार्यालय सुर्खेतलाई संघीय संरचनाको ढाँचामा सांगठनिक समायोजना गर्दा हालका दुई वटा डिभिजन वन कार्यालयहरू (भेरी र वीरेन्द्रनगर) कायम गरिएका हुन् ।

नक्सामा देखाइए झैँ डिभिजन वन कार्यालय भेरी सुर्खेतको कूल भूभाग क्षेत्रफल र स्थानीय तहको संख्या डिभिजन वन कार्यालय वीरेन्द्रनगर भन्दा क्रमश: सानो र थोरै भए पनि यसको वनक्षेत्रको क्षेत्रफल

डिभिजन वन कार्यालय वीरेन्द्रनगर भन्दा १०५५८ हे. ले बढी रहेको छ । डिभिजन वन कार्यालय भेरीले ३ वटा स्थानीय तहहरूको कूल ११५९९७ हे. भूभाग भित्र रहेको ७८.७९ प्रतिशत (९१३८९ हे.) वनक्षेत्र रेखदेख तथा व्यवस्थापन गर्दै आएको छ । त्यसै गरी डिभिजन वन कार्यालय वीरेन्द्रनगर सुर्खेतले ६ वटा स्थानीय तहहरूको कूल १३१६४७ हे. भूभागभित्र रहेको ६१.४० प्रतिशत (८०८३१ हे.) वनक्षेत्रको कार्य जिम्मेवारी समाल्दै आएको छ ।

२.३ जैविक विविधता

यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र २७ प्रजातिका स्तनधारी, १८१ प्रजातिका चराहरू, १८ प्रजातिका माछाहरू र विभिन्न प्रजातिका सरिसृपहरू पाइन्छन् (पञ्चवर्षीय वन व्यवस्थापन योजना, २०८०) । जसमध्ये ११ प्रजातिका स्तनधारी, ६ प्रजातिका चरा र ३ प्रजातिका सरिसृपलाई CITES अनसूचीमा दुर्लभ तथा संरक्षित वन्यजन्तुको रुपमा सूचीकृत भएका छन् ।

यहाँ पाइने प्रमुख वनस्पति प्रजातिहरूमा साल, असना, खयर, सिसौँ, खोटे सल्ला, चिउरी, हर्रो, बर्रो, अमला, टुनी, बोडधाइरो, कर्मा, साँदन, बाँझ, कटुस, उत्तिस आदि पर्दछन् । उचाइ, हावापानी र पाइने वनस्पति किसिमको आधारमा यस क्षेत्रमा उष्ण, उपोष्ण र शितोष्ण वनहरू पाइन्छन् ।

२.४ नदी, जलाधार तथा सिमसार

यस डिभिजन क्षेत्र भित्र भेरी र कर्णाली गरी २ ठूला नदीहरू छन् । अन्य नदीहरूमा गुटु खोला, आमखोला, गेरुपानी खोला, सोतखोला, गिरीघाट खोला, विद्यापुर खोला, गिमिने खोला, ब्युरेनी खोला आदि पर्दछन् ।

यस क्षेत्रमा रहेका महत्वपूर्ण सिमसारहरू मध्ये बराहताल, जाजुरा दह, गुप्ती ताल पर्दछन् । चुरे क्षेत्र र वन्यजन्तुको बासस्थान एवं जैविक मार्गमा अवस्थित रहेकोले वन्यजन्तुको वासस्थानको दृष्टिले बराहतालको विशिष्ट महत्व रहेको छ । यी सीमसार क्षेत्रहरू राष्ट्रिय वनमा रहेकाले यसको संरक्षण व्यवस्थापन यस कार्यालयले नै गर्दै आएको छ ।

यी जलाधारहरूले खानेपानीका मुहान संरक्षण, भू–क्षय नियन्त्रण, जलस्रोत संरक्षण तथा वन व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छन्।

२.५ सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, निजी वन लगायतको विवरण

यस डिभिजन वन कार्यालय अन्तरगत १७९ वटा सामुदायिक वन उपभोक्ता समूहहरूका २२३८८ (दोहोरो उपभोक्ताहरू समेत) घरधुरीहरूद्वारा ३६४००.९३ हे. (जम्मा वनक्षेत्रको ३९.५५ प्रतिशत) वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी सहभागितामूलक वन व्यवस्थापन भई रहेको छ (विस्तृत विवरणको लागि अनुसूची ३ हेर्नुहोला) । ४ जना जग्गाधनीहरूबाट करीव ९.१४ हे. निजी वनको रुपमा व्यवस्थापन भई रहेको तथ्याङ्क रहेको छ । २२.७५ हे. वन ३ वटा धार्मिक वन उपभोक्ता समूहहरू मार्फत संरक्षण हुँदै आएको छ ।

भाग : ३

वार्षिक कार्यक्रम तथा प्रगति विवरण

यस वार्षिक कार्यक्रम तथा प्रगति विवरणमा डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतबाट आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटअनुसार सञ्चालन गरिएका वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, वन उद्यम तथा विकास, वृक्षरोपण तथा निजी वन प्रवर्द्धन, वन पैदावार व्यवस्थापन, वातावरण संरक्षण, जलाधार तथा भू–संरक्षण, वन डढेलो नियन्त्रण, वन अपराध नियन्त्रण तथा समुदायमा आधारित वन व्यवस्थापन र पर्यटन पूर्वाधार निर्माण तथा पर्यापर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन अवस्थालाई समेटिएको छ। उपलब्ध स्रोत–साधनको अधिकतम उपयोग, स्थानीय समुदाय तथा सरोकारवालाको सहभागिता र प्रचलित कानून, नीति तथा कार्यविधिको पालना गर्दै कार्यालयले सञ्चालन गरेका कार्यक्रमहरूको वित्तीय प्रगति, राजश्व सङ्कलन तथा धरौटी स्थिति, वेरुजू विवरण, सामुदायिक वन गठन तथा नविकरण, वन अपराध रोकथाम तथा नियन्त्रण, वन पैदावार उत्पादन तथा विक्री वितरण आदि सम्बन्धी विषयहरूलाई यस विवरणमा प्रस्तुत गरिएको छ।

३.१ वार्षिक वजेट तथा कार्यक्रम

कार्यालयको कार्यक्षेत्र, आवश्यकता, प्राथमिकता, उपलब्ध स्रोत–साधन तथा प्रदेश सरकारबाट प्राप्त बजेट सीमा र स्वीकृत नीति तथा कार्यक्रमका आधारमा आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको थियो। उक्त बजेटलाई **स्रोतगत रूपमा प्रदेश सरकार, संघीय सरकार तथा अन्य प्राप्त स्रोतहरू**बाट प्राप्त हुने रकमका आधारमा र **कार्यक्रमगत रूपमा जडिवुटी विकास, डिभिजन वन कार्यालय सञ्चालन तथा व्यवस्थापन, दीगो वन विकास तथा व्यवस्थापन, पर्यटन पूर्वाधार निर्माण तथा पर्यापर्यटन प्रवर्द्धन, राष्ट्रिय वन विकास तथा व्यवस्थापन र वन सुरक्षा सैनिक व्यवस्थापन गरी ६ वटा प्रमुख कार्यक्रमहरू**मा देहाय बमोजिम वजेट विनियोजन गरिएको थियो। साथै विनियोजित वजेटलाई तालिकामा उल्लेख भए झै **चालू तथा पूँजीगत शीर्षक**मा वर्गीकरण गरी आवश्यक व्यवस्थापन भएको देखिन्छ। पूँजीगत वजेट चालु वजेटको करीव दोब्बर बढी विनियोजन भएको छ ।

स्रोत	बजेट	प्रतिशत
प्रदेश सरकार	१०१३१४०००	९०
संघ सशर्त	११८२२०००	१०
जम्मा	**११३१३६०००**	**१००

वजेट प्रकृति	बजेट	खर्च	वित्तीय प्रगति %
चालू	७२४१००००	४९४५८८३५.३८	६८.३०
पूँजीगत	४०७२६०००	२७४९४८००.७८	६७.५१
जम्मा	**११३१३६०००**	**७६९५३६३६.१६**	**६८.०२**

क्र. सं.	कार्यक्रम	बजेट		जम्मा वजेट
		चालू	पूँजीगत	
१	जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान)		४१०९०००	४१०९०००
२	डिभिजन वन कार्यालयहरू	६४४५४०००	१४७०००००	७९१५४०००
३	डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) (संघ शसर्त अनुदान)	२९२५०००		२९२५०००
४	दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम	४०८५०००	७०७५०००	१११६००००
५	पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास		११०००००	११०००००
६	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त)	९४६०००	३८४२०००	४७८८०००
	कूल जम्मा	**७२४१०००० ४०७२६००० ११३१३६०००**		

३.२ वित्तीय प्रगति विवरण (स्रोतगत तथा कार्यक्रमगत र चालू तथा पूँजीगत)

वजेट स्रोत	बजेट	खर्च	वित्तीय प्रगति %
प्रदेश सरकार	१०१३१४०००	६८४२९०५५.७६	६७.५४
संघ सशर्त	११८२२०००	८५२४५८०.४	७२.११
जम्मा	**११३१३६०००**	**७६९५३६३६.१६**	**६८.०२**

डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतका लागि आर्थिक वर्ष २०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालू र पूँजीगत गरी ६ वटा कार्यक्रमहरू कार्यान्वयन गर्न रु ११,३१,३६,००० (एघार करोड एकतीस लाख छत्तीस हजार) वजेट विनियोजन गरिइएको थियो । जसमध्ये रु ७६९५३६३६ खर्च भई समग्रमा ६८.०२ प्रतिशत वार्षिक वित्तीय प्रगति कायम हुन गएको छ । स्रोतगत तथा कार्यक्रमगत र चालू तथा पूँजीगत तर्फको विस्तृत वित्तीय प्रगतिलाई देहायानुसार व्याख्या गर्न सकिन्छ ।

आयोजना/ कार्यक्रम नाम	चालू		पूँजीगत		कूल वजेट	जम्मा खर्च	वित्तीय प्रगति %
	बजेट	खर्च	बजेट	खर्च			
जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान)	०	०	४१०९०००	३४५९७१४	४१०९०००	३४५९७१४	८४.२०
डिभिजन वन कार्यालयहरू	६४४५४०००	४४३३७७८९	१४७०००००	७००२१७९	७९१५४०००	५१३३९९६८	६४.८६
डिभिजन वन कार्यालयहरू (वनसुरक्षा सैनिक) (संघ शसर्त अनुदान)	२९२५०००	२५३८६४६	०	०	२९२५०००	२५३८६४६	८६.७९
दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम	४०८५०००	२०७६२०१	७०७५०००	४४२२६९१	१११६००००	६४९८८९१	५८.२३
पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास	०	०	११०००००	१०५९०१९६	११०००००	१०५९०१९६	९६.२७

आयोजना/ कार्यक्रम नाम	चालू		पूँजीगत		कूल वजेट	जम्मा खर्च	वित्तीय प्रगति %
	बजेट	खर्च	बजेट	खर्च			
राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान)	०	०	३८४२०००	२०२००२१	३८४२०००	२०२००२१	५२.५८
राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान)	९४६०००	५०६१९९	०	०	९४६०००	५०६१९९	५३.५१
कूल जम्मा	**७२४१०००० **	**४९४५८८३५**	**४०७२६०००**	**२७४९४८०१**	**११३१३६०००**	**७६९५३६३६**	**६८.०२**

खर्च शीर्षकगत वित्तीय प्रगति विवरणलाई तलको तालिकामा उल्लेख गरिइएको छ ।

खर्च शीर्षक	विवरण	बजेट	खर्च	प्रगति %
२११११	पारिश्रमिक कर्मचारी	४५८५२००००	३०४४५५९३.९४	६६.४०
२११२१	निजामती कर्मचारीहरूको पोशाक खर्च	७०००००	४४०००००	६२.८६
२११२२	निजामति कर्मचारीलाई खाद्यन	५८४६०००	३९७४८३६	६७.९९
२११३२	स्थायी कर्मचारीको महंगी भत्ता	४२०००००	२७५४२३२	६५.५८
२११३५	कर्णाली प्रोत्साहन तथा विशेष भत्ता	३३६०००	२५९५८६४	७७.२६
२११३९	प्रसुती स्याहार भत्ता	१००००	१००००	१००.००
२१२१२	योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	४८०००००	१३५९१२.९४	२८.३२
२१२१३	निजामति कर्मचारीहरूको विमा कोष सावधिक जिवन	३३६०००	२०७७०६	६१.८२
२२१११	पानी तथा विजुली	३०३०००	३००३६१	९९.१३
२२११२	संचार महसुल	२१४०००	१४३५९०	६७.१०
२२२१२	ईन्धन (कार्यालय प्रयोजन)	४५९०००	४५४१८०	९८.९५
२२२१३	सवारी साधन मर्मत खर्च	४५०००००	४४८२३४	९९.६१
२२२१४	वीमा तथा नविकरण खर्च	२१०००००	१९७००७	९३.८१
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च	७०००००	७०००००	१००.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	३०००००	२९९९८४	९९.९९
२२३१३	पुस्तक तथा सामाग्री खर्च	५०००००	४८४३३	९६.८७
२२३१४	ईन्धन अन्य प्रयोजन	३०००००	२९४२७७	९८.०९
२२३१५	पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च	१५०००००	१३२२४९	८८.१७
२२३१९	अन्य कार्यालय संचालन खर्च	१५०००००	१४५०९०	९६.७३
२२४११	सेवा र परामर्श खर्च	५५१०००	५५०६६८	९९.९४
२२४१३	करार सेवा शुल्क	१९७३०००	१८२२५६४	९२.३८
२२५२२	कार्यक्रम खर्च	४१७९०००	२१२५८५९.५	५०.८७
२२५२२	कार्यक्रम खर्च	८५२०००	४५६५४०	५३.५८
२२६११	अनुगमन मूल्याङ्कन खर्च	३८०००००	३७२८५४	९८.१२
२२७११	विविध खर्च	२०००००	२०००००	१००.००

खर्च शीर्षक	विवरण	बजेट	खर्च	प्रगति %
२८१४२	घरभाडा खर्च	८३५०००	८३२८००	९९.७४
३१११२	गैर आवासीय भवन निर्माण/खरिद	१४५०००००	६८०२२३९	४६.९१
३११२२	गैर आवासीय भवन निर्माण/खरिद	२०००००	१९९९४०	९९.९७
३११५७	वन तथा वातावरण संरक्षण	१११८४०००	७८८२४०४.७८	७०.४८
३११५९	अन्य सार्वजनिक निर्माण	१४८४२०००	१२६१०२१७	८४.९६
	जम्मा	**११३१३६०००**	**७६९५३६३६.१६**	**६८.०२**

३.३ राजश्व सङ्कलन तथा धरौटी स्थिति

डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतले प्रचलित कानून तथा स्वीकृत कार्यविधिबमोजिम वन क्षेत्र, वन पैदावार तथा वनसँग सम्बन्धित विभिन्न सेवा र गतिविधिबाट प्राप्त हुने राजस्वलाई नियमित रूपमा सङ्कलन तथा दाखिला गर्दै आएको छ। कार्यालयबाट काठ, दाउरा, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बिक्री–वितरण, वन पैदावारमा लाग्ने शुल्क, दस्तुर, जरिवाना, सेवा शुल्क तथा अन्य कानूनी स्रोतबाट राजस्व प्राप्त हुने गर्दछ। सङ्कलित राजस्वलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी रूपमा अभिलेख तथा व्यवस्थापन गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्ने व्यवस्था रहेको छ। यसरी वन स्रोतको दिगो उपयोगसँगै प्राप्त राजस्वले सरकारी आम्दानी वृद्धि, वन संरक्षण तथा व्यवस्थापन र स्थानीय आर्थिक गतिविधिमा समेत योगदान पुर्‍याउँदै आएको छ।

आ.व. २०८२।०८३ को अवधिभर तालिकामा देखाइए झै कूल राजश्व रकम रु ३ करोड ६४ लाख १० हजार ४४० सङ्कलन भएको छ । ५ वटा राजश्व शीर्षक मध्ये सबैभन्दा बढी वनक्षेत्रको रोयल्टी वापत २ करोड भन्दा बढी रुपैंया जम्मा हुन गएको छ भने बेरुजूबाट असुलउपर हुन सकेको छैन ।

सि.नं.	राजस्व शीर्षक	जेठ महिनासम्म	असारसम्म	जम्मा
१	१४२२९-अन्य प्रशासनिक सेवा शुल्क	१००७२५	०	१००७२५
२	१४२६४-वन क्षेत्रको अन्य आय	१२१४२७१७	३२००२२०	१५३४२९३७
३	१४३१३-धरौटी सदरस्याहा	२९१६५५	०	२९१६५५
४	१५१११-बेरूजू	०	०	०
५	३३३६१-वन क्षेत्रको रोयल्टी	२००४००३४	६३५०८९	२०६७५१२३
	जम्मा रकम	**३२५७५१३१**	**३८३५३०९**	**३६४१०४४०**

यस कार्यालयमा प्रचलित कानून बमोजिम विभिन्न कार्य तथा सेवा सञ्चालनका क्रममा सेवाग्राही विशेष गरी काष्ठ उद्यमी तथा व्यवसायी, निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा अन्य सम्बन्धित पक्षबाट धरौटी रकम प्राप्त हुने गर्दछ। प्राप्त धरौटी रकमलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँधी सुरक्षित रूपमा अभिलेख तथा व्यवस्थापन गरिँदै आएको छ। कार्यसम्पादन, सम्झौताको अवस्था तथा प्रचलित कानूनी व्यवस्थाअनुसार फिर्ता गर्नुपर्ने धरौटी रकम फिर्ता गर्ने र कायम राख्नुपर्ने धरौटीलाई यथावत् राख्ने

व्यवस्था रहेको छ। कार्यालयको वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गर्न धरौटीको प्राप्ति, फिर्ता, बाँकी तथा मौज्दात अवस्थाको नियमित अभिलेख र अद्यावधिक विवरण राख्नु आवश्यक भएकाले यस आ.व. २०८२।०८३ को धरौटी स्थिति सम्बन्धी विवरण यहाँ तालिकामा प्रस्तुत गरिएको छ।

धरौटी विवरण	आ.व. २०८१।०८२	आ.व. २०८२।०८३
जेठको धरौटी मौज्दात	१७२६७४२७	१३०९२८८६
असार महिनाको प्राप्त धरौटी	३०२५४७४	१२५२२६०
असार महिनाको फिर्ता धरौटी	७४५४१३८	१०५७३१०
असारसम्मको मौज्दात धरौटी	**१२८३८७६३**	**१३२८७८३६**

यस आ.व.को अन्तिम (असार) सम्म कार्यलयको धरौटी खातामा मौज्दात रकम रु १ करोड ३२ लाख ८७ हजार ८ सय ३६ रहेको छ ।

३.४ वेरुजू विवरण

कार्यालय सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका क्रममा प्रचलित आर्थिक ऐन, नियम, कार्यविधि तथा स्वीकृत मापदण्डबमोजिम आर्थिक कारोबार सञ्चालन तथा लेखा अभिलेख व्यवस्थापन हुँदै आएको छ। लेखापरीक्षणका क्रममा प्रचलित कानून तथा वित्तीय कार्यविधिअनुसार प्रमाणित हुन नसकेका, नियमित गर्नुपर्ने वा असुलउपर गर्नुपर्ने आर्थिक कारोबारलाई बेरुजु विवरण अध्यावधिक गरी राखिएको छ । कार्यालयमा कायम रहेका बेरुजुको प्रकृति, रकम, अवस्था तथा फछ्यौंटको प्रगतिलाई नियमित रूपमा समीक्षा गरी आवश्यक प्रमाण तथा कागजात संकलन, नियमितीकरण, असुलउपर तथा सम्परीक्षणका माध्यमबाट बेरुजु फछ्यौंट गर्ने कार्य हुँदै आएको छ। वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दै आगामी दिनमा बेरुजु न्यूनीकरण गर्ने उद्देश्यले बेरुजुको अद्यावधिक स्थिति तथा फछ्यौंटसम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

वेरुजू किसिम/आ.व.	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	२०८१।०८२	कूल जम्मा
असुल गर्नु पर्ने	३९१७६	४०३०००	२८००००	२८०००	४८८७३५	१२३८९११
नियमित गर्नु पर्ने	६७०८५१९		९६५०७४.८२	१३१२८४३	१७६४२१८	१०७५०६५४.८२
कर विजक पेश गर्नुपर्ने		९३४००				९३४००
प्रमाण पेश गर्नुपर्ने			६९३८२२		१०४५५४२	१७३९३६४
पेश्कि फर्च्योट गर्नुपर्ने	४२००००	३०००००				७२००००
कूल जम्मा	**७१६७६९५**	**७९६४००**	**१९३८८९६.८२**	**१३४०८४३**	**३२९८४९५**	**१४५४२३२९.८२**

आ.व. २०७७।०७८ देखि २०८०।०८१ सम्म कूल जम्मा रु १ करोड १२ लाख ४३ हजार ८ सय ३५ रहेको छ । जसमध्ये असुल उपर गर्नु पर्ने रकम सबैभन्दा कम छ भने नियमित गर्नु पर्ने वेरुजू सबैभन्दा धेरै रहेको छ ।

३.५ सामुदायिक वन गठन तथा नविकरण

सामुदायिक वन स्थानीय उपभोक्ताहरूको सहभागितामा वन स्रोतको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्ने महत्वपूर्ण माध्यम हो। वनको दिगो व्यवस्थापन, उपभोक्ताको अधिकार तथा हित सुनिश्चित गर्न सम्बन्धित वन क्षेत्रका वास्तविक उपभोक्ताहरूको सहभागितामा सामुदायिक वन उपभोक्ता समूह गठन तथा समूहको कार्ययोजना समयानुकूल रूपमा नवीकरण गर्न आवश्यक हुन्छ। कार्ययोजना नवीकरणमार्फत वनको अवस्था, उपलब्ध वन स्रोत, उपभोक्ताको आवश्यकता तथा वातावरणीय र सामाजिक पक्षलाई समेटी वन संरक्षण, विकास, व्यवस्थापन, वन पैदावारको उत्पादन तथा सदुपयोगका कार्यक्रमहरू व्यवस्थित गर्न सकिन्छ। अतः प्रचलित कानून तथा स्वीकृत मापदण्डबमोजिम सामुदायिक वन उपभोक्ता समूह गठन/पुनर्गठन तथा कार्ययोजना नवीकरण गरी दिगो, सहभागितामूलक र पारदर्शी वन व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ। यस आवश्यकतालाई मध्यनजर गर्दै आ.व. २०८२।०८३ को लागि सामुदायिक वन उपभोक्ता समूह गठन तथा पुनर्गठन र वन कार्ययोजना नविकरणको कार्यक्रम रहेको थियो । यस अवधिभर नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन नभएको र सोही बमोजिम नयाँ सामुदायिक वन हस्तान्तरण हुन सकेन । यद्यपि १७ वटा सामुदायिक वनहरूको कार्ययोजना नविकरण भई सामुदायिक वन व्यवस्थापन कार्यलाई सुचारु गरिइएको छ ।

३.६ वन अपराध रोकथाम तथा नियन्त्रण

यस आ.व.मा पनि यस कार्यालयबाट वन अपराधको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि नियमित गस्ती तथा निगरानी, सूचना सङ्कलन तथा विश्लेषण, जोखिमयुक्त क्षेत्रको पहिचान, अवैध वन पैदावार तथा वन्यजन्तुको ओसारपसार नियन्त्रण, अपराधमा संलग्न व्यक्तिमाथि प्रचलित कानूनबमोजिम कारबाही, बरामद वन पैदावारको व्यवस्थापन तथा सरोकारवाला निकाय र स्थानीय समुदायबीच समन्वय गर्ने कार्यहरू सम्पादन भएका छन् ।

आ.व. २०७७।०७८ देखि आ.व. २०८२।०८३ सम्म यस कार्यालयमा कूल २५ मुद्दाहरूका अभियोगपत्र दर्ता भएका छन् । जसमध्ये ७ वटा मुद्दाहरूको फैसला भएको छ भने बाँकी १८ वटा मुद्दाहरू बिचाराधीन अवस्थमा रहेका छन् । मुद्दा सम्बन्धी विस्तृत जानकारी अनुसूची १० मा उल्लेख गरिएको छ ।

३.७ वन पैदावार उत्पादन तथा विक्री वितरण

वन क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन, सङ्कलन, प्रशोधन तथा बिक्री–वितरण वन व्यवस्थापनको महत्वपूर्ण पक्ष हो। स्वीकृत वन व्यवस्थापन योजना, प्रचलित कानून तथा मापदण्डबमोजिम उत्पादन गरिएका वन पैदावारको उचित अभिलेखीकरणको व्यवस्थापन कार्यालयमा गरिएको छ । यस कार्यालयको कार्यक्षेत्रबाट आ.व. २०८२।०८३ को अवधिभर उत्पादन भई डिभिजन बाहिर विक्री वितरण भएका वन पैदावारहरूको विवरण अनुसूची ११ मा विस्तृतमा रुपमा उल्लेख गरिएको छ ।

प्रजाति	निजीनम्बरी आवादी	सरकारद्वारा व्यवस्थित वन	सामुदायिक वन	जम्मा
साल काठ (क्यू.फि.)	०.००	१२९४२.७०	३६२७०.१३	**४९२१२.८३**
खयर काठ (क्यू.फि.)	०.००	०.००	७५६७.४३	**७५६७.४३**
अन्य प्रजाति काठ(क्यू.फि.)	२०८०.१०	२८०.७५	७३४४६.२४	**७५८०७.०९**
दाउरा (चट्टा)	२.००	११.००	६१.८९	**७४.८९**
टिमुर (के.जी.)	०.००	२०७५.००	०.००	**२०७५.००**
चुत्रो (के.जी.)	२७१०००.००	०.००	०.००	**२७१०००.००**
गुजरगानो (के.जी.)	१३५३००.००	०.००	०.००	**१३५३००.००**
खोटो (के.जी.)	०.००	०.००	३१३६०.००	**३१३६०.००**
सल्लाको आँख्ला (के.जी.)	०.००	०.००	६९६३६.००	**६९६३६.००**

वन पैदावारको नाम	कूल परिमाण
काठ (क्यू.फि.)	१३२५८७.३५
जडिवुटी (के.जी.)	४०८३७५.००
दाउरा (चट्टा)	७४.८९
खोटो (के.जी.)	३१३६०.००
सल्लाको आँख्ला (के.जी.)	६९६३६.००

भाग : ४

उपलब्धी र समस्या तथा समाधान

४.१ वार्षिक उपलब्धीहरू

यस कार्यालयको आ.व. २०८२।०८३ स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार सञ्चालन गरिएका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू, सेवा प्रवाह, वन तथा वातावरण संरक्षण, वन व्यवस्थापन, विकास निर्माण, राजस्व सङ्कलन, जनसहभागिता तथा संस्थागत सुधारलगायतका क्षेत्रमा उपलब्धिहरू हासिल भएका छन् । यस अवधिभर विभिन्न प्रजातिका गरी जम्मा १३२५८७.३५ क्यू.फि. काठ, ७४.८९ चट्टा दाउरा, ४०८.३७५ टन जडिवुटी, ३१३६० के.जी. खोटो, ६९६३६ के.जी. सल्लाको आँख्ला उत्पादन भई विक्री वितरण भएको छ । ३ करोड ६४ लाख १० हजार ४४० रुपैंया राजश्व सङ्कलन भएको छ । पर्यटन तथा पर्यापर्यटन पूर्वाधार निर्माण लगायत काठ दाउरा सङ्कलनबाट मात्र १११४० (दक्ष, अर्धदक्ष र अदक्ष) श्रमदिन रोजगारी सृजना भएको छ । समूह भित्र खपत भएका काठ दाउरा तथा स्याउला सोत्तर वापत समूहलाई प्राप्त आम्दानी तथा सृजित रोजगारीको मूल्याङ्कन यसमा समावेश गरिएको छैन । यसै गरी जडिवुटी, खोटो र सल्लाको आँख्ला सङ्कलन वापत सृजना भएका हरित रोजगारीको अवसरलाई पनि यसमा मूल्याङ्कन भएको छैन ।

रोजगारी अवसर (श्रमदिन)	
पर्यटन तथा पर्यापर्यटन	३८५२
काठ दाउरा सङ्कलन	७२८८
आन्तरिक खपतको सङ्कलन र ढुवानी खर्च अनुमान नभएको	

विवरण	मू.अ.क.
निजी नम्बरी आवादी	१५७५८०
सरकारद्वारा व्यवस्थित वन	१९६१७९०.६१
सामुदायिक वन	६४८९६६६.४७
जम्मा	**८६०९०३७.०८**

यस अवधिभर रु ८६ लाख भन्दा बढी मूल्य अभिवृद्धि कर (मू.अ.क.) जम्मा हुन गएको छ । यस कार्यालयबाट भएको सार्वजनिक खरिदबाट जम्मा हुने मू.अ.क. यस तथ्याङ्कमा समावेश गरिएको छैन । समूह बाहिर विक्री वितरण भएका वन पैदावारहरूबाट सामुदायिक वन उपभोक्ता समूहहरूलाई रु ४ करोड ४२ लाख ३८ हजार ९०० भन्दा बढी (रु. ४८२३८९४५.७३) आम्दानी भएको छ ।

वन संरक्षण तथा व्यवस्थापन (वन अतिक्रमण तथा अतिक्रमित वन क्षेत्रको संरक्षण, वन डढेलो नियन्त्रण तथा रोकथामका लागि अग्निरेखा निर्माण/मर्मत र सचेतना कार्यक्रम सञ्चालन, अवैध वन पैदावार सङ्कलन, ओसारपसार तथा चोरी निकासी नियन्त्रण, जोखिमयुक्त, सुखड तथा ढलापडा रुखको पहिचान, लगत सङ्कलन तथा व्यवस्थापन, सामुदायिक वनको अनुगमन तथा कार्ययोजना कार्यान्वयनमा सहजीकरण, वनक्षेत्रको नियमित गस्ती तथा संरक्षणसम्बन्धी संयुक्त अभियान सञ्चालन आदि), वृक्षरोपण तथा वन विकास (विभिन्न प्रजातिका गुणस्तरीय बिरुवा उत्पादन तथा वितरण; सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्रमा वृक्षरोपण कार्यक्रम सञ्चालन; वृक्षरोपण क्षेत्रको संरक्षण तथा पुनःस्थापना; खाली तथा क्षतिग्रस्त वन

क्षेत्रमा पुनःवन विकास; वन नर्सरी स्थापना/सुदृढीकरण तथा बिरुवा उत्पादन आदि), वन अपराध नियन्त्रण, सामुदायिक वन व्यवस्थापन सहजीकरण, धार्मिक-साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्र संरक्षण तथा प्रवर्द्धन सम्बन्धी उल्लेखनीय उपलब्धीहरू पनि भएका छन् ।

४.२ प्रमुख समस्या तथा चुनौतिहरू

वन अतिक्रमण, वन डढेलो, खुल्ला चरिचरण, आक्रामक तथा मिचाहा प्रजातिको विस्तार, मानव-वन्यजन्तु द्वन्द्व आदि यस कार्यालयका प्रमुख समस्या तथा चुनौतिहरू हुन् । उपरोक्त समस्या तथा चुनौतिहरूलाई देहायानुसार स्पष्ट पार्न सकिन्छ ।

बढ्दो वन अतिक्रमण : यस कार्यालयको कार्यक्षेत्रमा वन अतिक्रमण वन संरक्षण तथा दिगो वन व्यवस्थापनका प्रमुख चुनौतीमध्ये एक हो। विशेषगरी सडक आसपास, नदी तथा खोलाका किनार, बजार तथा बस्ती विस्तार भएका क्षेत्र र वनको सीमाना स्पष्ट नभएका स्थानहरूमा अतिक्रमणको जोखिम बढी देखिन्छ। बाढी पहिरोबाट विस्थापित समुदायहरूद्वारा भएको वन अतिक्रमण समस्याको हालसम्म पनि व्यवस्थापन हुन सकेको छैन । यी स्थानमा विगतदेखि कायम रहेका अतिक्रमित क्षेत्र व्यवस्थापन गर्न नसकिँदा नयाँ अतिक्रमणलाई समेत प्रोत्साहन पुग्ने खतरा विद्यमान रहेको छ।

वर्षेनी वन डढेलो : वन डढेलो वन संरक्षण, जैविक विविधता तथा वातावरणीय सन्तुलनका लागि प्रमुख चुनौतीका रुपमा रहेको छ। विशेषगरी सुख्खा मौसममा लामो समयसम्म वर्षा नहुने, तापक्रम वृद्धि हुने तथा वन क्षेत्रमा सुख्खा पातपतिङ्गर, घाँस तथा अन्य ज्वलनशील पदार्थ जम्मा हुने भएकाले डढेलोको जोखिम उच्च हुने गर्दछ।

खुल्ला चरीचरन : वन क्षेत्रमा खुल्ला चरिचरन (अनियन्त्रित रूपमा पशु चौपाया वनमा चराउने प्रचलन) वन व्यवस्थापन, प्राकृतिक पुनरोत्पादन तथा जैविक विविधता संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा रहेको छ। यसबाट नवपलुवा, बिरुवा र घाँस चरिँदा नयाँ वन हुर्कने प्रक्रिया; अत्यधिक चरिचरनले भुइँको वनस्पति नष्ट भई भूक्षय, पहिरो र जलाधार क्षेत्र; दुर्लभ वनस्पति तथा वन्यजन्तुको वासस्थान; वृक्षारोपणक्षेत्र आदिमा प्रतिकूल असर परेको देखिएको छ ।

आक्रामक मिचाहा प्रजातिको विस्तार : वनमारा, थाकल, पार्थेनियम आदि जस्ता आक्रामक मिचाहा प्रजाति**को विस्तारले** प्राकृतिक पुनरोत्पादनमा अवरोध, स्थानीय वनस्पति विस्थापन, जैविक विविधतामा ह्रास, वन व्यवस्थापनमा कठिनाइ, वन डढेलोको जोखिम, चरन तथा गैरकाष्ठ वन पैदावारमा असर पर्न गएको छ ।

मानव-वन्यजन्तु द्वन्द्व : वन क्षेत्रसँग जोडिएका बस्ती, कृषि क्षेत्र तथा सडक पूर्वाधारको विस्तारसँगै मानव–वन्यजन्तु द्वन्द्व वन व्यवस्थापन र स्थानीय समुदायको जीविकोपार्जनसँग सम्बन्धित महत्वपूर्ण समस्याका रुपमा देखिएको छ। वन्यजन्तुको बासस्थानमा मानवीय गतिविधिको बढ्दो दबाब, वन क्षेत्रको खण्डीकरण तथा कृषि क्षेत्रसँग वन क्षेत्रको प्रत्यक्ष सम्पर्कका कारण वन्यजन्तु बस्ती तथा खेतीबालीतर्फ आउने अवस्था सिर्जना भएबाट खेती बालीनाली तथा घरपालुवा पशु चौपायाको क्षति, वन्यजन्त सुडक

दुर्घटना तथा मानवीय सुरक्षाको जोखिम, क्षतिपूर्ति तथा राहत व्यवस्थापन (वन्यजन्तुबाट भएको क्षतिको यथार्थ मूल्याङ्कन, प्रमाण संकलन, राहत/क्षतिपूर्ति प्रक्रिया तथा समयमा भुक्तानी गर्न प्रशासनिक चुनौति) सम्बन्धी समस्या रहेका छन् ।

भौतिक तथा प्राविधिक स्रोतसाधनको कमी: डिभिजन वन कार्यालय भेरीको कार्यक्षेत्रको भौगोलिक विस्तार तथा वन संरक्षण, वन गस्ती, अनुगमन, वन अपराध नियन्त्रण, अनुसन्धान तथा तहकिकातलगायतका कार्यको चापको तुलनामा आवश्यक भौतिक तथा प्राविधिक स्रोतसाधन पर्याप्त छैनन्। फिल्ड अनुगमन तथा वन संरक्षण कार्यका लागि आवश्यक सवारीसाधन, GIS उपकरण, GPS, कम्प्युटर, सञ्चार उपकरण, ड्रोनलगायतका आधुनिक प्रविधिको पर्याप्त उपलब्धता तथा नियमित मर्मतसम्भारमा समस्या रहेको छ।

डिभिजन वन कार्यालय भेरी तथा वेतान कर्णाली सवडिभिजन वन कार्यालयका आफ्नै कार्यालय भवन नहुँदा कार्यालय व्यवस्थापन, कर्मचारीको कार्यसम्पादन तथा सेवाग्राहीलाई सहज र प्रभावकारी सेवा प्रवाहमा असहजता उत्पन्न भएको छ। डिभिजन वन कार्यालयको भवन निर्माणस्थलमा समेत खानेपानीको पर्याप्त सुविधा उपलब्ध नहुँदा निर्माण तथा कार्यालय सञ्चालनसम्बन्धी कार्यमा थप कठिनाइ रहेको छ।

कार्यालयमा हस्तान्तरण भई आएको पुरानो प्राडो सवारीसाधनको सञ्चालन तथा मर्मतसम्भार लागत अत्यधिक रहेको छ भने पुरानो निशान भ्यान आवश्यक मर्मतसम्भार हुन नसकी प्रयोगविहीन अवस्थामा थन्किएको छ। फलस्वरूप उपलब्ध सवारीसाधनको प्रभावकारी उपयोग हुन नसक्दा वन गस्ती, नियमित अनुगमन, वन अपराध नियन्त्रण तथा अनुसन्धान–तहकिकातका कार्यमा आवश्यक समयमा फिल्डमा पुग्न कठिनाइ भई कार्यसम्पादन प्रभावित हुने गरेको छ।

सामुदायिक वन सुशासन तथा सक्रिय युवा सहभागितासम्बन्धी समस्या : कतिपय सामुदायिक वन उपभोक्ता समूहमा सुशासन, पारदर्शिता, जवाफदेहिता, समावेशिता तथा संस्थागत क्षमता सुदृढ हुन नसक्दा वन व्यवस्थापनका उद्देश्यअनुसार अपेक्षित उपलब्धि हासिल गर्न चुनौती देखिएको छ। विशेषगरी साधारणसभा नियमित सञ्चालन, कार्यसमिति गठन तथा समावेशी प्रतिनिधित्व, निर्णय प्रक्रियामा पारदर्शिता, आय–व्ययको सार्वजनिकरण, कार्ययोजना कार्यान्वयन तथा वन पैदावारको न्यायोचित वितरणमा सुधारको आवश्यकता रहेको छ।

युवा पुस्ताको सामुदायिक वन व्यवस्थापनमा सक्रिय सहभागिता न्यून हुँदै जानु अर्को महत्वपूर्ण चुनौती हो। रोजगारी तथा अध्ययनका लागि युवा जनशक्ति गाउँबाट बाहिरिने प्रवृत्ति, सामुदायिक वनका गतिविधिमा युवाको भूमिका स्पष्ट रूपमा स्थापित हुन नसक्नु, नेतृत्व हस्तान्तरणको कमजोर अभ्यास तथा वन व्यवस्थापनमा आधुनिक प्रविधि र नवप्रवर्तनको पर्याप्त प्रयोग नहुनुले युवाको आकर्षण घटेको देखिन्छ। फलस्वरूप सामुदायिक वनको दीर्घकालीन संस्थागत निरन्तरता, नयाँ नेतृत्व विकास तथा वन संरक्षणमा आवश्यक जनशक्ति परिचालनमा चुनौती उत्पन्न भएको छ।

समूहको ऋण असुली, पदाधिकारी भारत पलायन, आर्थिक हिनामिना माथिको अनुसन्धान तथा तहकिकात र यसबाट सृजित बोझ, त्रास तथा अनिच्छा र न्यून सहभागिता; वन समूहको समिति राजनीति र रिस साझे प्लेटफर्मको रुपमा दुरुपयोग आदि केहि समस्याहरू छन् ।

वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी समस्याहरू : यस कार्यालयको कार्यक्षेत्रमा वनस्रोतको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वन सम्वर्द्धन प्रणालीमा आधारित वैज्ञानिक तथा दिगो वन व्यवस्थापनको पर्याप्त सम्भावना रहे तापनि यसको प्रभावकारी कार्यान्वयनमा कर्णाली प्रदेश दीगो वन व्यवस्थापन कार्यविधि २०८१ मा वन अवस्था, प्रजातिगत संरचना (Light Demander Species को वाहुल्यता), उमेर संरचना, भू–धरातलीय अवस्था (भिरालोपन) तथा स्थानीय आवश्यकता तथा प्राथमिकता अनुकूल, उपयुक्त र प्रभावकारी वन सम्वर्द्धन प्रणाली (Group Shelterwood System) को प्रावधान नहुनुले सोही अनुसारको कार्ययोजना तयारी गरी कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

४.३ समाधानका उपाय तथा भावी कदमहरू

वन अतिक्रमण रोकथाम तथा नियन्त्रण : वन अतिक्रमण रोकथाम तथा नियन्त्रणको लागि अतिक्रमित वन क्षेत्रको नियमित अनुगमन तथा अभिलेखीकरण, वन सीमाना स्पष्ट गर्नुपर्ने । जोखिमयुक्त क्षेत्रमा निगरानी बढाउनुपर्ने, नयाँ अतिक्रमण तत्काल नियन्त्रण गर्नुपर्ने, विद्यमान अतिक्रमणको प्रकृतिअनुसार व्यवस्थापन तथा पुनर्स्थापना गर्नुपर्ने, स्थानीय तह र सुरक्षा निकायसँग समन्वय गर्नुपर्ने । वनक्षेत्रमा बसी बसाइएका विस्थापित समुदायहरूलाई पुनर्स्थापना गरी वन अतिक्रमण हटाउने र घेरवार सहितको वृक्षारोपण गरिनुपर्ने ।

वन डढेलो रोकथाम तथा नियन्त्रण : डढेलो जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन, अग्निरेखा निर्माण तथा मर्मत, वन डढेलो पूर्वसूचना प्रणालीको प्रभावकारी प्रयोग, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय तहको क्षमता अभिवृद्धि, अग्नि नियन्त्रण सामग्रीको उपलब्धता, नियमित गस्ती तथा निगरानी र समुदायमा जनचेतना अभिवृद्धि गर्नुपर्ने । डढेलो लागिसकेपछि नियन्त्रण गर्नुभन्दा डढेलो रोकथाम तथा पूर्वतयारीलाई प्राथमिकता दिई स्थानीय समुदाय, सुरक्षा निकाय, स्थानीय तह र अन्य सरोकारवालाबीच समन्वयात्मक वन डढेलो व्यवस्थापन प्रणाली विकास गर्नुपर्ने । सुकेका पातपतिङ्गर तथा स्याउला सोत्तर सङ्कलन गरी कम्पोष्टमल उत्पादनको लागि सामुदायिक वन उपभोक्ता समूहलाई प्रोत्साहन गर्नुपर्ने ।

खुल्ला चरीचरन व्यवस्थापन : खुल्ला चरिचरनलाई क्रमशः व्यवस्थित चरन प्रणालीमा रुपान्तरण गर्नुपर्ने । सामुदायिक वनमा चरिचरन व्यवस्थापन योजना प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । घाँसे मैदान विकास तथा घाँसखेती प्रवर्द्धन गरिनुपर्ने । गोठ सुधार, Cut-and-Carry तथा Stalled Feeding प्रणालीलाई प्रोत्साहन गर्नुपर्ने । स्थानीय तह, पशु सेवा कार्यालय र वन उपभोक्ता समूहसँग समन्वय गरी जनचेतना तथा अनुगमन सुदृढ गरिनुपर्ने ।

आक्रामक मिचाहा प्रजातिको विस्तार रोकथाम तथा नियन्त्रण : प्रजातिगत प्राथमिकता निर्धारण गरी प्रभावित क्षेत्रको नक्साङ्कन, नियमित अनुगमन, यान्त्रिक/भौतिक तथा आवश्यकताअनुसार जैविक नियन्त्रण, स्थानीय प्रजातिको पुनर्स्थापना र हटाइएको क्षेत्रमा निरन्तर फलोअप गर्नुपर्ने । सामुदायिक वन

उपभोक्ता समूहलाई मिचाहा प्रजातिको पहिचान तथा नियन्त्रणसम्बन्धी क्षमता विकास गराई स्थानीय तह–डिभिजन वन कार्यालय–सामुदायिक वन उपभोक्ता समूहबीच समन्वयात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने । मिचाहा प्रजातिको उपयोगिता सम्बन्धी अध्ययन अनुसन्धान गरी सदुपयोग मार्फत नियन्त्रण गर्ने व्यवस्था मिलाउनुपर्ने ।

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापन : स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालासँग समन्वय गरी मानव–वन्यजन्तु द्वन्द्वको जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन, नियमित अनुगमन, वन्यजन्तुको बासस्थान सुधार, पानीका स्रोत संरक्षण तथा जैविक करिडोरको संरक्षणमा जोड दिनुपर्ने । बस्ती तथा कृषि क्षेत्रको जोखिमअनुसार सौर्य विद्युतीय तारबार, सुरक्षित गोठ, बाली संरक्षणका उपाय, प्रारम्भिक सूचना प्रणाली तथा समुदायमा आधारित वन्यजन्तु निगरानी जस्ता उपाय प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने । वन्यजन्तुबाट हुने क्षतिको छिटो अभिलेखीकरण, राहत तथा क्षतिपूर्ति प्रक्रियामा सहजीकरण, स्थानीय समुदायमा वन्यजन्तु व्यवहार तथा सुरक्षित सहअस्तित्वसम्बन्धी सचेतना र द्वन्द्वग्रस्त समुदायको सहभागिता बढाउनुपर्ने ।

भौतिक तथा प्राविधिक स्रोतसाधनको व्यवस्थापन : भौतिक तथा प्रविधियुक्त उपयुक्त सरकारी भवन निर्माण/व्यवस्था, भवन निर्माणस्थलमा खानेपानीको दिगो व्यवस्था, पुराना सवारीसाधनको मर्मतसम्भार वा प्रतिस्थापन तथा फिल्ड कार्यका लागि आवश्यक सवारीसाधन र आधुनिक प्राविधिक उपकरणको व्यवस्था गर्नुपर्ने ।

सामुदायिक वन व्यवस्थापन तथा सुशासन प्रवर्द्धन : सामुदायिक वनका स्वीकृत वन व्यवस्थापन कार्ययोजनाहरू सामुदायिक वन सुशासनको लागि समितिमा युवा पदाधिकारीलाई प्राथमिकता दिनुपर्ने । आ.व.को प्रथम त्रैमासिक (साउन, भाद्र र असोज) अवधिभर सामुदायिक वन उपभोक्ता समूहहरूको वार्षिक प्रतिवेदन, लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, वार्षिक योजना तर्जुमाको लागि सवडिभिजनगत घुम्ती सेवा संचालन गर्नुपर्ने । स्थानीय तहको सहयोगमा ऋण सम्बन्धी कागजातहरूको प्रमाणीकरण गरी ऋण असुलीको लागि कार्ययोजना तयार गरी किस्तावन्दी वा एकमुष्ठ ऋण असुलउपर गर्नुपर्ने ।

वन सम्वर्द्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन : कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ लाई स्थलविशेषको वन अवस्था, प्रजातिगत तथा उमेर संरचना तथा भू–धरातलीय अवस्थाअनुकूल परिमार्जन गरी Group Shelterwood System लगायत उपयुक्त वन सम्वर्द्धन प्रणालीको व्यवस्था गर्नुपर्ने र सोही आधारमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने । कार्यविधि परिमार्जन नभएसम्म आवश्यक प्राविधिक अध्ययन तथा वैज्ञानिक आधारमा विशेष वन व्यवस्थापन योजना/कार्ययोजना तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई नमूना रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने । सरकारद्वारा व्यवस्थित वनहरूको लागि व्यवस्थापन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने ।

भाग : ५

निश्कर्ष तथा सुझावहरू

डिभिजन वन कार्यालय भेरीले ९१३८९ हे. वनक्षेत्र रेखदेख तथा व्यवस्थापन गर्दै आएको छ । १७९ सामुदायिक वन उपभोक्ता समूहहरूका २२३८८ (दोहोरो उपभोक्ताहरू समेत) घरधुरीहरूद्वारा ३६४००.९३ हे. वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी सहभागितामूलक वन व्यवस्थापन भई रहेको छ । २२.७५ हे. वन ३ वटा धार्मिक वन उपभोक्ता समूहहरू मार्फत संरक्षण हुँदै आएको छ । बाँकी वनक्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन हुँदै आएको छ । ४ जना जग्गाधनीहरूबाट करीव ९.१४ हे. निजी वनको रुपमा व्यवस्थापन भई रहेको तथ्याङ्क रहेको छ ।

आर्थिक वर्ष २०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालू र पूँजीगत गरी ६ वटा कार्यक्रमहरू कार्यान्वयन गर्न रु ११,३१,३६,००० (एघार करोड एकतीस लाख छत्तीस हजार) वजेट विनियोजन भएकोमा रु ७६९५३६३६ खर्च भई समग्रमा ६८.०२ प्रतिशत वार्षिक वित्तीय प्रगति कायम हुन गएको छ । यस आ.व.मा कूल राजश्व रकम रु ३ करोड ६४ लाख १० हजार ४४० सङ्कलन भएको छ । विभिन्न प्रजातिका गरी जम्मा १३२५८७.३५ क्यू.फि. काठ, ७४.८९ चट्टा दाउरा, ४०८.३७५ टन जडिवुटी, ३१३६० के.जी. खोटो, ६९६३६ के.जी. सल्लाको आँख्ला उत्पादन भई विक्री वितरण भएको छ । पर्यटन तथा पर्यापर्यटन पूर्वाधार निर्माण लगायत काठ दाउरा सङ्कलनबाट मात्र १११४० श्रमदिन रोजगारी सृजना हुन गएको छ । सार्वजनिक खरिदबाट प्राप्त भएको बाहेक रु ८६ लाख भन्दा बढी मूल्य अभिवृद्धि कर (मू.अ.क.) जम्मा भएको छ ।

१७ वटा सामुदायिक वनहरूको कार्ययोजना नविकरण भई सामुदायिक वन व्यवस्थापन कार्यलाई सुचारु गरिइएको छ । समूह बाहिर विक्री वितरण भएका वन पैदावारहरूबाट सामुदायिक वन उपभोक्ता समूहहरूलाई रु ४ करोड ४२ लाख ३८ हजार ९०० भन्दा बढी (रु. ४८२३८९.४५.७३) आम्दानी भएको छ । आ.व. २०७७।०७८ देखि २०८२।०८३ सम्म यस कार्यालयमा कूल २५ मुद्दाहरूका अभियोगपत्र दर्ता भएका र ७ वटा मुद्दाहरूको फैसला यसै आ.व.मा भएको छन् । आ.व.को अन्तिमसम्म कार्यालयको धरौटी खातामा मौज्दात रकम रु १ करोड ३२ लाख ८७ हजार ८ सय ३६ रहेको छ । आ.व. २०७७।०७८ देखि २०८०।०८१ सम्म कूल जम्मा रु १ करोड १२ लाख ४३ हजार ८ सय ३५ वेरुजू छ ।

वार्षिक कार्यक्रम तथा क्रियाकलापको कार्यान्वयनबाट प्राप्त उपलब्धि, देखिएका समस्या तथा चुनौतीहरूको समीक्षाको आधारमा आगामी दिनमा कार्यक्रमलाई थप प्रभावकारी, परिणाममुखी तथा दिगो बनाउन देहाय अनुसारको सिकाइ, अनुभव तथा रायसूझाव रहेको छ :

- विस्थापित समुदायहरूलाई पुनर्स्थापना गरी वन अतिक्रमण हटाउने र घेरवार सहितको वृक्षारोपण गर्नुपर्ने ।
- गोठ सुधार, Cut-and-Carry तथा Stalled Feeding प्रणालीलाई प्रोत्साहन गरी वनक्षेत्रमा हुने खुल्ला चरीचरनलाई दुरुत्साही गरिनु पर्ने ।

- मिचाहा प्रजातिको सदुपयोग मार्फत नियन्त्रण गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- वन्यजन्तुको बासस्थान सुधार, पानीका स्रोत संरक्षण तथा जैविक करिडोरको संरक्षण गरी सौर्य विद्युतीय तारबार, सुरक्षित गोठ, बाली संरक्षणका उपायको अवलम्बन गर्नुपर्ने र वन्यजन्तुबाट हुने क्षतिको छिटो छरितो राहत उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।
- डिभिजन वन कार्यालय र मातहतका सवडिभिजन वन कार्यालयहरूलाई भौतिक तथा प्राविधिक स्रोतसाधनयुक्त तुल्याउनु पर्ने ।
- सामुदायिक वनका स्वीकृत वन व्यवस्थापन कार्ययोजनाहरू प्रभावकारी कार्यान्वयन तथा सामुदायिक वन उपभोक्ता समूहमा सुशासन प्रवर्द्धन गर्नको लागि समितिमा युवा पदाधिकारीलाई प्राथमिकता दिनुपर्ने र आ.व.को प्रथम त्रैमासिक (साउन, भाद्र र असोज) अवधिभर सामुदायिक वन उपभोक्ता समूहहरूको वार्षिक प्रतिवेदन, लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, वार्षिक योजना तर्जुमाको लागि सवडिभिजनगत घुम्ती सेवा संचालन गर्नुपर्ने ।
- कर्णाली प्रदेश दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ लाई संशोधन/परिमार्जन गरी भिरालोमा Light Demander Species को वनलाई व्यवस्थापन गर्न Group Shelterwood System लगायत उपयुक्त वन सम्वर्द्धन प्रणालीको व्यवस्था गर्नुपर्ने र सोही आधारमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सामुदायिक वन लेखापरीक्षकहरूको रोष्टर कायम गरी सामुदायिक वन ब्रोसर उपलब्ध गराउने तथा सवडिभिजन वन कार्यालयबाट समूहको लेखापरीक्षण अवधिभर आवश्यक सहजीकरण गरिनुपर्ने ।

अनुसूचीहरू

अनुसूची-१ : स्थानीय तहगत वनक्षेत्रको विवरण

स्थानीय तह	कूल क्षे.फ. (हे.)	वनको क्षे.फ. (हे.)	वनको %	वनश्रोत सम्पन्नता	डिभिजन
लेकवेसी	१८००९	९१७३	५०.९४	IX	वीरेन्द्रनगर
चिंगाड	१६९४१	९३८६	५५.४०	VIII	वीरेन्द्रनगर
गुर्भाकोट	२२७५९	१२८२४	५६.३५	VII	वीरेन्द्रनगर
सिम्ता	२४०५९	१६२७३	६७.६४	V	वीरेन्द्रनगर
वीरेन्द्रनगर	२४३८०	१४४९८	५९.४७	VI	वीरेन्द्रनगर
भेरीगंगा	२५४९९	१८६७७	७३.२५	IV	वीरेन्द्रनगर
पञ्चपुरी	३२८२०	२५०५४	७६.३४	III	भेरी
चौकुने	३७८९७	३०२४७	७९.८१	II	भेरी
वराहताल	४५२८०	३६०८८	७९.७०	I	भेरी
जम्मा	**२४७६४४**	**१७२२२०**	**६९.५४**		

अनुसूची-२ : डिभिजनगत वनक्षेत्रको विवरण

डिभिजन	कूल क्षे.फ. (हे.)	वनको क्षे.फ. (हे.)	वनको %	वनश्रोत सम्पन्नता	कैफियत
भेरी	११५९९७	९१३८९	७८.७९	I	
वीरेन्द्रनगर	१३१६४७	८०८३१	६१.४०	II	
जम्मा	**२४७६४४**	**१७२२२०**	**६९.५४**		

अनुसूची-३ : सामुदायिक वन उपभोक्ता समूहहरूको विवरण

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
१	मंग्राह	पञ्चपुरी न.पा. २	१०/७/२०८०	५३२	SUR/BD/02/10	२४१.५४	१९६	५३०	५२५	१०५५	बड्डिचौर
२	साजघारी	बराहताल गा.पा. ५	३/२७/२०५१	२०	SUR/BD/12/01	१२०	८३	१७६	१८५	३६१	बड्डिचौर
३	बसेनी	बराहताल गा.पा. ५	३/२७/२०५१	२१	SUR/BD/12/02	१६१.६७	८४	२१७	२२१	४३८	बड्डिचौर
४	रुईनियाडाँडा	बराहताल गा.पा. ५	३/२७/२०५२	४०	SUR/BD/12/03	२६०	२५८	६५७	७३३	१३९०	बड्डिचौर
५	धाछहरा	बराहताल गा.पा. ५	१०/१९/२०५२	६२	SUR/BD/12/07	८५.१५	१२८	३५५	३२३	६७८	बड्डिचौर
६	सुनचरी	पञ्चपुरी न.पा. ३	६/११/२०५३	८२	SUR/BD/02/01	१३५.९१	१४५	३७५	३७२	७४७	बड्डिचौर
७	भगवति	पञ्चपुरी न.पा. २	६/११/२०५३	८३	SUR/BD/2/02	१६७.३	१८३	५४६	६१४	११६०	बड्डिचौर
८	मेहेलपानी	पञ्चपुरी न.पा. ३	९/४/२०५४	१००	SUR/BD/2/03	२४५.३	७२	२११	२२१	४३२	बड्डिचौर
९	पानिडाँडा	बराहताल गा.पा. ७	९/४/२०५४	१०१	SUR/BD/11/01	६०.३	४८	१४३	१३७	२८०	बड्डिचौर
१०	तिल्काखाल (म)	बराहताल गा.पा. ५	३/३०/२०५६	१४९	SUR/BD/12/09	४१.२	२११	६००	४५०	१०५०	बड्डिचौर
११	भेरी किनारा बुटि	बराहताल गा.पा. ६	८/२७/२०५६	१६२	SUR/BD/11/02	१८०	६८	१३३	१३७	२७०	बड्डिचौर
१२	सरस्वति	पञ्चपुरी न.पा. ३	२/९/२०५८	१९१	SUR/BD/02/05	१०९.८३	२६४	६९७	६९४	१३९१	बड्डिचौर
१३	शिवमन्दिर	पञ्चपुरी न.पा. २	३/२८/२०५८	१९६	SUR/BD/02/04	१८	२०१			१०८०	बड्डिचौर
१४	ठुलोडाँडा महिला	बराहताल गा.पा. ७	३/२५/२०६१	२१८	SUR/BD/11/04	४४.५	३०	८३	८९	१७२	बड्डिचौर
१५	बुलबुले	बराहताल गा.पा. ७	७/२७/२०६४	२४०	SUR/BD/11/05	२८८.१२	१८८	५१२	४८८	१०००	बड्डिचौर
१६	कालिमाटि	पञ्चपुरी न.पा. ३	११/१५/२०६५	२७६	SUR/BD/2/06	६३	६०	१६३	६४	२२७	बड्डिचौर
१७	रिङ्गेसोति महिला	बराहताल गा.पा. ७	१/२६/२०६७	३२१	SUR/BD/11/07	९५.३	८५	१६१	१५३	३१४	बड्डिचौर
१८	दानकालि महिला	बराहताल गा.पा. ६	१/२७/२०६७	३४२	SUR/BD/11/08	१७२.३	११२	३११	२९७	६०८	बड्डिचौर
१९	नयाँपानी गुफा	बराहताल गा.पा. ७	३/२७/२०६८	३४२	SUR/BD/11/09	५८.४५	८२	२१४	२२७	४४१	बड्डिचौर
२०	सरस्वति	बराहताल गा.पा. ६	१२/६/२०६९	३७०	SUR/BD/11/10	२७३.९	१८९	५०९	६५२	११६१	बड्डिचौर
२१	महादेव	बराहताल गा.पा. ६	३/३१/२०७०	३७७	SUR/BD/11/11	१५७	९८	२०३	१८५	३८८	बड्डिचौर
२२	देवस्थान	पञ्चपुरी न.पा. १	९/१२/२०७०	३७८	SUR/BD/02/07	१८६.९१	१२९	२५८	२६७	५२५	बड्डिचौर

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
२३	कर्णाली	पञ्चपुरी न.पा. १	१/१७/२०७३	४१७	SUR/BD/02/08	१८०	१४०	२४५	२८७	५३२	बड्डिचौर
२४	प्रभात हरियाली	बराहताल गा.पा. ७	१०/५/२०७३	४५२	SUR/BD/11/13	२०७.२	८२	२३०	२४६	४७६	बड्डिचौर
२५	मास्पखाल्ने	पञ्चपुरी न.पा. ३	११/२२/२०७३	४५८	SUR/BD/02/09	१४३.४५	१११	२४२	२९८	५४०	बड्डिचौर
२६	चुलिडाँडा	बराहताल गा.पा. ७	१२/१५/२०७३	४५९	SUR/BD/11/14	२८५.९	१०८	२९०	३२४	६१४	बड्डिचौर
२७	देउति बराहा महिला	बराहताल गा.पा. ७	५/५/२०७४	४६२	SUR/BD/11/15	१५१.८५	८२	१५३	१८६	३३९	बड्डिचौर
२८	झाक्रेपानी महिला	बराहताल गा.पा. ५	१०/५/२०७३	४२५	SUR/LE/15/23	७१.७	६०	१८४	९०	२७४	बड्डिचौर
२९	बोधिज्ञान तपोभुमि	बराहताल गा.पा. ५	११/१६/२०७३	४५७	SUR/LE/15/24	३२५	३०	८७	६५	२५२	बड्डिचौर
३०	खारेखोला महिला	बराहताल गा.पा. ५	१/२७/२०६७	३१८	SUR/LE/15/21	१२४.०६	४१२	९१६	९६४	१८८०	बड्डिचौर
३१	कालिका	बराहताल गा.पा. ५	६/६/२०४८	१०	SUR/LE/15/08	४४९.६	४८९	१०५४	११३४	२१८८	बड्डिचौर
३२	देउराली	बराहताल गा.पा. ५	२०६०/३/३२	२०९	SUR/LE/15/13	२५२.८	२३९	७१२	५८५	१२९७	बड्डीचौर
३३	सिम्सेली सल्लेरी	बराहताल गा.पा. ७	८/१२/२०८१	५३७	SUR/BD/11/17	१२१.३३	५६	१४४	१४९	२९३	बड्डीचौर
३४	सिन्केघारी कोटामुल	पञ्चपुरी न.पा. २	१०/७/२०८०	५३५	SUR/BD/02/11	४५.२	९७	२३७	२५७	४९४	बड्डीचौर
			बड्डिचौर सब-डिभिजन वन कार्यालय अन्तर्गत			**५५२३.७७**	**४८२०**	**११५४८**	**११६१९**	**२४३४७**	
३५	पातालगैरी	पञ्चपुरी न.पा. ११	०४८/६/०६	३	SUR/BA/10/01	२३३.६९	२६६	९३८	९१७	१८५५	पञ्चपुरी
३६	रानिवन	पञ्चपुरी न.पा. १०	६/६/२०४८	४	SUR/BA/10/02	१६	६४	३३७	५५६	८९३	पञ्चपुरी
३७	ताउले	पञ्चपुरी न.पा. ११	३/८/२०५१	१७	SUR/BA/10/03	४९८.५	३१४	९१३	९३२	१८४५	पञ्चपुरी
३८	सिद्धेश्वरी	पञ्चपुरी न.पा. ५ र ६	८/२१/२०५१	२४	SUR/BA/09/01	१८०.८५	२४२	८०५	७८७	१५९२	पञ्चपुरी
३९	वरैचे	पञ्चपुरी न.पा. ४	८/२१/२०५१	२५	SUR/BA/09/02	२६४.५	२००	४९२	४८९	९८१	पञ्चपुरी
४०	जनकल्याण	पञ्चपुरी न.पा. १०	३/२७/२०५२	३४	SUR/BA/10/04	२०५.४५	१०४	२८३	२७०	५५३	पञ्चपुरी
४१	देउराली	पञ्चपुरी न.पा. ६	३/२७/२०५२	३५	SUR/BA/09/03	१६९.६	१३६	३६५	३६०	७२५	पञ्चपुरी
४२	देवीस्थान	पञ्चपुरी न.पा. ५	३/२७/२०५२	३६	SUR/BA/09/04	४२५	१८३	६११	५५९	११७०	पञ्चपुरी
४३	डाँगी	पञ्चपुरी न.पा. ५	३/२७/२०५२	३७	SUR/BA/09/05	२०२.५	९८	२५९	३२२	५८१	पञ्चपुरी
४४	कालिका	पञ्चपुरी न.पा. ५	३/२७/२०५२	३८	SUR/BA/09/06	१९३.७१	८६	२७३	२७२	५४५	पञ्चपुरी
४५	मनकामना	पञ्चपुरी न.पा. १०	३/२७/२०५२	३९	SUR/BA/10/05	२९५.३७	१३१	४०९	४१९	८२८	पञ्चपुरी

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
४६	सालघारी	पञ्चपुरी न.पा. ६	१०/५/२०५५	१२४	SUR/BA/09/07	१७०.७१	१०९	३१९	३११	६३०	पञ्चपुरी
४७	भुवाटाकुरा	पञ्चपुरी न.पा. ६	१०/२९/२०५५	१२५	SUR/BA/09/08	१२५	११४	२८४	२७५	५५९	पञ्चपुरी
४८	महाँदेवडाँडा	पञ्चपुरी न.पा. ७	१०/२९/२०५५	१२५	SUR/BA/1/01	९४.१२	१२७	३२३	३१७	६४०	पञ्चपुरी
४९	चन्द्रज्योति	पञ्चपुरी न.पा. ४	३/३०/२०५६	१५१	SUR/BA/9/09	२२०	१३२	३४५	३१६	६६१	पञ्चपुरी
५०	विद्योश्वरी	पञ्चपुरी न.पा. ४	९/२/२०५६	१६५	SUR/BA/9/10	१४०.३५	१३१	३४४	३७०	७१४	पञ्चपुरी
५१	बासघारी	पञ्चपुरी न.पा. १०	११/३०/२०६३	२३१	SUR/BA/10/06	८३.२५	७४	१४५	१३८	२८३	पञ्चपुरी
५२	नार्सि	पञ्चपुरी न.पा. १०	१२/१/२०६४	२५०	SUR/BA/10/07	१८९.६२	१३४	३१७	३००	६१७	पञ्चपुरी
५३	हरियाली	पञ्चपुरी न.पा. १०	१/८/२०६५	२५५	SUR/BA/10/08	१९८	१०६	२२५	२००	४२५	पञ्चपुरी
५४	शान्ति	पञ्चपुरी न.पा. १०	२/८/२०६६	२८४	SUR/BA/10/09	३२.७२	६६	१५६	१४९	३०५	पञ्चपुरी
५५	दामाकान्तर	पञ्चपुरी न.पा. ११	१२/४/२०६६	३०६	SUR/BA/10/10	१८३.४२	१०७	५६६	५७७	११४३	पञ्चपुरी
५६	हुड्के महिला	पञ्चपुरी न.पा. १०	१/२६/२०६७	३२०	SUR/BA/10/11	३६.३	१३६	३१५	३१९	६३४	पञ्चपुरी
५७	जीवनज्योति	पञ्चपुरी न.पा. ११	१/६/२०६७	३२४	SUR/BA/10/12	१९१.२१	७०	२०५	२११	४१६	पञ्चपुरी
५८	मालिका	पञ्चपुरी न.पा. १०	१२/५/२०६८	३५६	SUR/BA/1/02	१७५.४२	७४	१८८	१९६	३८४	पञ्चपुरी
५९	लालझाडि	पञ्चपुरी न.पा. ११	१२/५/२०६८	३५७	SUR/BA/1/03	१२३.२५	६५	१५२	१६९	४३१	पञ्चपुरी
६०	कृकिटे चौपाया	पञ्चपुरी न.पा. ७	१२/५/२०६८	३५८	SUR/BA/1/04	१७१.८४	९५	२४२	३३४	५७६	पञ्चपुरी
६१	पोटेखोला	पञ्चपुरी न.पा. ७	१/७/२०६९	३५९	SUR/BA/1/05	३३८.४९	१५०	४०२	२७०	६७२	पञ्चपुरी
६२	कालढुङ्गी	पञ्चपुरी न.पा. ७	११/११/२०७०	३८०	SUR/BA/2/21	१९३	७८	१९८	१९२	३९०	पञ्चपुरी
६३	निगालपानी	पञ्चपुरी न.पा. ७	१२/१२/२०७०	३८३	SUR/BA/01/08	२०८	४७	११०	१२५	२३५	पञ्चपुरी
६४	जिम्मा सालघारी	पञ्चपुरी न.पा. ५	१२/१२/२०७०	३८४	SUR/BA/1/06	२५८.४४	१०९	३०४	४१८	७२२	पञ्चपुरी
६५	पञ्चपुरे	पञ्चपुरी न.पा. ७	१२/१३/२०७०	३८५	SUR/BA/1/07	१७०	११६	३१२	३२६	६३८	पञ्चपुरी
६६	सालघारी	पञ्चपुरी न.पा. ७	१/२१/२०७०	३८७	SUR/BA/11/12	८१.९	४३	१४०	११४	२५४	पञ्चपुरी
६७	भर्लेनी	पञ्चपुरी न.पा. ७	८/४/२०७१	३९३	SUR/BA/1/09	६६	३३	८५	८०	१६५	पञ्चपुरी
६८	ओखलढुङ्गा	पञ्चपुरी न.पा. ७	११/१०/२०७१	३९९	SUR/BA/1/10	४२५.९	२१५	४२६	४३४	८६०	पञ्चपुरी
६९	सल्लेरी सालघारी साईन	पञ्चपुरी न.पा. ७	५/२७/२०७२	४०६	SUR/BA/1/11	२७९.१९	१४४	३१५	२२९	५४४	पञ्चपुरी

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
७०	भेडीखोर	पञ्चपुरी न.पा. ७	१२/५/२०६८	५३१	SUR/BA/1/03	१२३.५७	७७	२४०	१५७	३९७	पञ्चपुरी
पञ्चपुरी सब-डिभिजन वन कार्यालय अन्तर्गत						**६९६४.८७**	**४३७६**	**१२३४३**	**१२४१०**	**२४८६३**	
७१	डुवाडाँडा	पञ्चपुरी न.पा. ९	५/२०/२०४८	२	SUR/GU/3/01	४७९.५८	३०३	८४३	८०६	१६४९	चौकुने
७२	धामिडाँडा	चौकुने गा.पा. ७	६/६/२०४८	८	SUR/GU/4/01	३६३.६८	२४८	८५१	८५६	१७०७	चौकुने
७३	बेलगौडा	चौकुने गा.पा. ९	६/६/२०४८	६	SUR/GU/08/01	२१२.२७	२९७	९३१	८८८	१८१९	चौकुने
७४	कोटखोला	चौकुने गा.पा. ६	३/२/२०५१	१६	SUR/GU/4/03	२६६.०५	१०५	२६२	३७५	६३७	चौकुने
७५	सुन्दरपुर	पञ्चपुरी न.पा. ९	३/८/२०५१	१८	SUR/GU/03/02	४९०.०९	१८६	५१४	५२५	१०३९	चौकुने
७६	वण्डाली	चौकुने गा.पा. ६ र ७	३/८/२०५१	१९	SUR/GU/04/02	७४८.९४	५४४	१८९३	१८२९	३७२२	चौकुने
७७	चुलिडाँडा	पञ्चपुरी न.पा. ९	३/२७/२०५१	२२	SUR/GU/03/04	३०६.२	५१	१७७	१६९	३४६	चौकुने
७८	मौरीडाँडा	पञ्चपुरी न.पा. ८	८/२१/२०५१	२६	SUR/GU/3/05	३५२.०७	२७९	७०९	८८७	१६७६	चौकुने
७९	माझीगाउँ	पञ्चपुरी न.पा. ८	८/२१/२०५१	२६	SUR/GU/03/06	३४७.६२	१६०	४३१	४२५	८५६	चौकुने
८०	दुविडाँडा	पञ्चपुरी न.पा. ९	३/२९/२०५२	४४	SUR/GU/03/07	१४५.२७	२००	४८८	५४५	१०३३	चौकुने
८१	लालझाडि	चौकुने गा.पा. ८	३/२९/२०५२	४५	SUR/GU/4/04	३२०.०१	१६६	४५२	४६२	९१४	चौकुने
८२	सानुडाँडा	चौकुने गा.पा. ७	२/२२/२०५५	१११	SUR/GU/04/05	४१८.८८	१९५	६०६	५९४	१२००	चौकुने
८३	सुनपुर	चौकुने गा.पा. ९	२/२२/२०५५	११२	SUR/GU/08/02	७३१.४६	२४०	६६९	७०२	१३७१	चौकुने
८४	भित्रिकोपिला	पञ्चपुरी न.पा. ८	३/२८/२०५५	११४	SUR/GU/03/08	३४७.९९	१२२	३४३	३४०	६८३	चौकुने
८५	नवाडि	चौकुने गा.पा. ६	३/३०/२०५६	१५०	SUR/GU/4/06	३२७.५८	२६९	८७७	९०१	१७७८	चौकुने
८६	पियालभित्ती	पञ्चपुरी न.पा. ८	३/३२/२०५६	१५४	SUR/GU/3/09	७३	२५७	५७९	५३०	११०९	चौकुने
८७	खोटेसल्ला	चौकुने गा.पा. ७	१/२९/२०५७	१७२	SUR/GU/04/07	४३२.७९	२४०	६४८	६५०	१२९८	चौकुने
८८	कालिका	चौकुने गा.पा. १०	१/२/२०६४	२३२	SUR/GU/8/03	२४९.१६	१५७	५७८	४८८	१०६६	चौकुने
८९	तामाधारा	चौकुने गा.पा. १०	१/२/२०६४	२३३	SUR/GU/08/04	७८.५	१३३	४४३	४४३	८८६	चौकुने
९०	राजिगाउँ	चौकुने गा.पा. १०	३/१८/२०६५	२६२	SUR/GU/08/05	४८.२४	३६	१८०	१८०	३६०	चौकुने
९१	हरियालि धौलापुर	चौकुने गा.पा. ६	१२/२२/२०७१	४०१	SUR/GU/04/08	३०७.४९	१५४	३०४	३१२	६१६	चौकुने
९२	निमाडे	चौकुने गा.पा. ६	१२/२२/२०७१	४०२	SUR/GU/4/09	३२९.१	१७८	३५२	३६०	७१२	चौकुने

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
९३	पोटेखोला	चौकुने गा.पा. ६	१/७/२०६९	३५९	SUR/BS/01/05	३३८.४९	१५०	३८०	२९२	६७२	चौकुने
९४	भालुखोला गोठेरी	चौकुने गा.पा. ७	९/२०/२०७५	५३२	SUR/GU/04/10	१७७.४	१४२	४००	३९४	७९४	चौकुने
			चौकुने सब-डिभिजन वन कार्यालय अन्तर्गत			**७८९१.८६**	**४८१२**	**१३९१०**	**१३९५३**	**२७९४३**	
९५	मायाताल	चौकुने गा.पा. ५	२/८/२०५८	१९०	SUR/BS/5/01	१९९.६२	१०२	२३३	२७१	५०४	बेतानकर्णाली
९६	बालिका	चौकुने गा.पा. २	११/२/२०६३	२२८	SUR/BS/7/01	१२४	८८	२२१	२२१	४४२	बेतान कर्णाली
९७	नारायण	चौकुने गा.पा. २	११/३/२०६३	२२९	SUR/BS/7/02	१७९.६२	९०	२९०	२०५	४९५	बेतान कर्णाली
९८	नवजागृति	चौकुने गा.पा. २	११/२७/२०६३	२३०	SUR/BS/7/03	१५०.५	१०१	३२१	३२१	६४२	बेतान कर्णाली
९९	जानि महिला	चौकुने गा.पा. ५	२/२३/२०६५	२५८	SUR/BS/5/02	१५५	११२	४०७	४००	८०७	बेतान कर्णाली
१००	मालिका	चौकुने गा.पा. ५	२/२३/२०६५	२५९	SUR/BS/5/03	१७७		४०७	४००	८०७	बेतान कर्णाली
१०१	ग्वाड ग्वाडे	चौकुने गा.पा. ४	२०६५/२/२९	२६०	SUR/BS/5/04	१७९.६७	११४	४३५	३७०	८०५	बेतान कर्णाली
१०२	टटालि	चौकुने गा.पा. ४	६/१३/२०६५	२६३	SUR/BS/5/05	१५५	७५	२४२	२४२	४८४	बेतान कर्णाली
१०३	समाज सु. सुब्बा खाल	चौकुने गा.पा. ४	६/१३/२०६५	२६४	SUR/BS/5/06	१७७	८०	२६०	२७४	३३४	बेतान कर्णाली
१०४	कुण्डली	चौकुने गा.पा. ४	११/२८/२०६५	२७७	SUR/BS/5/07	२२३.८१	७६	१५७	१८८	३४५	बेतान कर्णाली
१०५	सिताताल	चौकुने गा.पा. ३	११/२९/२०६५	२७८	SUR/BS/06/01	१९५.७६	६४	१७१	१६६	३३७	बेतान कर्णाली
१०६	बाँसपानी	चौकुने गा.पा. ५	६/१६/२०६६	२८८	SUR/BS/5/08	२१०	८३	२२०	१९८	४१८	बेतान कर्णाली
१०७	नवदुर्गा	चौकुने गा.पा. ३	११/४/२०६६	२९९	SUR/BS/6/02	१२२.९१	४६	१३२	१२१	२५३	बेतान कर्णाली
१०८	हिमाल	चौकुने गा.पा. ५	११/४/२०६६	३००	SUR/BS/05/09	२०५.०३	९५	३०८	२९४	६०२	बेतान कर्णाली
१०९	पिपलडाँडा	चौकुने गा.पा. ३	१२/५/२०६६	३०८	SUR/BS/06/03	१८९.०५	५४	१७१	१६७	३३८	बेतान कर्णाली
११०	भित्रिवन	चौकुने गा.पा. ३	१२/५/२०६६	३०९	SUR/BS/06/04	१३०.७८	४०	८६	८१	१६७	बेतान कर्णाली
१११	मुल्लु	चौकुने गा.पा. ४	२/२४/२०६८	३३८	SUR/BS/05/10	१६१.४६	१२७	२८८	२९६	५८४	बेतान कर्णाली
११२	कोटदरवार	चौकुने गा.पा. १	१२/६/२०६८	३५४	SUR/BS/07/04	१७५.३५	८८	३२५	३४८	६७४	बेतान कर्णाली
११३	सृजनशिल	चौकुने गा.पा. १	१२/६/२०६८	३५५	SUR/BS/07/05	१९७.५५	९८	२९७	३०३	६००	बेतान कर्णाली
११४	नारायण चिराडि	चौकुने गा.पा. २	१/७/२०६९	३६०	SUR/BS/07/05	१९८.४५	११०	२१३	२९०	५०३	बेतान कर्णाली
११५	लामामेला	चौकुने गा.पा. ३	३/२९/२०६९	३६२	SUR/BS/06/05	१२४.४	६४	१९२	१७६	३६८	बेतान कर्णाली

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
११६	मालिका	चौकुने गा.पा. १	३/३१/२०६९	३६५	SUR/BS/07/07	७७	५७	१७५	१६१	३३६	बेतान कर्णाली
११७	शोभानचौर	चौकुने गा.पा. ३	३/३१/२०६९	३६६	SUR/BS/06/06	१९७.७७	१०३	२९०	३५६	६४६	बेतान कर्णाली
११८	पाखापानी	चौकुने गा.पा. ५	११/२८/२०६९	३७२	SUR/BS/05/11	१५४.४४	१००	३३८	३०७	६४५	बेतान कर्णाली
११९	हुलाकिडाँडा	चौकुने गा.पा. ३	१०/३/२०७१	४१०	SUR/BS/06/07	१९५.७५	९८	१५०	२००	३५०	बेतान कर्णाली
१२०	कुल्लुकर्णाली	चौकुने गा.पा. ४	१०/२८/२०७२	४१२	SUR/BS/05/28	२६२.६१	१८३	३००	२५०	५५०	बेतान कर्णाली
१२१	समाबेसि	चौकुने गा.पा. ३	१२/२४/२०७२	४१४	SUR/BS/06/08	६९.३	९१	२००	२५२	४५२	बेतान कर्णाली
१२२	सृजनशिल लालिगुराँस	चौकुने गा.पा. १	७/७/२०७३	४४३	SUR/BS/07/08	१५८.२७	८२	२३५	२५८	४९३	बेतान कर्णाली
१२३	भर्लेनी	चौकुने गा.पा. ३	५/१०/२०७३	५४४	SUR/BS/06/09	१६१.४७	७५	२३७	१८०	४१७	बेतान कर्णाली
१२४	प्रगतिशिल	चौकुने गा.पा.] १	६/६/२०७३	४४५	SUR/BS/07/10	१७६.२३	२००	९४५	८६३	१८०८	बेतान कर्णाली
१२५	सुनसरी	चौकुने गा.पा. २	६/६/२०७३	४४६	SUR/BS/07/19	१२२.३	१५१	५६५	४०५	९७०	बेतान कर्णाली
१२६	त्रिवेणी	चौकुने गा.पा. १	९/१८/२०७३	४५१	SUR/BS/07/11	२०२.८८	५५	१६५	११०	२७५	बेतान कर्णाली
१२७	नौग्रजे	चौकुने गा.पा. ३	१०/८/२०७३	४५५	SUR/BS/06/10	२२९.०७	९२	१७३	१८५	३५८	बेतान कर्णाली
१२८	हटेलधुरा	चौकुने गा.पा. २	३/७/२०७४	४६४	SUR/BS/07/13	७८.८५	४०	१४४	१०५	२४९	बेतान कर्णाली
१२९	सुन्दरिजत	चौकुने गा.पा. ३	५/१४/२०७४	४६३	SUR/BS/06/11	८५.६५	४३	१०१	८१	१८२	बेतान कर्णाली
१३०	साँजघुट्टि	चौकुने गा.पा. २	६/६/२०७३	४४७	SUR/CH/49/07	१८१.०५	१५२	६०४	५०३	११०७	बेतान कर्णाली
					बेतान-कर्णाली सव-डिभिजन वन कार्यालय अन्तर्गत	**५९८४.६**	**३२२९**	**९९९८**	**९५४८**	**१९३४७**	
१३१	बरपानी	बराहताल गा.पा. ३	०६४/११/५	२४४	SUR/PA/16/02	२३६.७	६८	१७६	१७६	३५२	बराहताल
१३२	हरियापानी	बराहताल गा.पा. २	०६४/१२/०३	२५१	SUR/PA/17/06	२४९.७१	५९	१५२	१५१	३०३	बराहताल
१३३	सुनपानी	बराहताल गा.पा. ४	०६४/१२/०३	२५२	SUR/PA/16/03	१६९.६	७०	१८३	१८२	३६५	बराहताल
१३४	महिला जनजागृति	बराहताल गा.पा. २	०६४/१२/०७	२५३	SUR/PA/17/07	१९०.२५					बराहताल
१३५	नवदुर्गा	बराहताल गा.पा. ४	०६५/०९/०१	२७२	SUR/PA/16/04	२८१.०९	१००	२०१	१४८	३४९	बराहताल
१३६	दह	बराहताल गा.पा. २	०६५/१०/२९	२७४	SUR/PA/17/08	१७१.६८	४८	१३१	१४०	२७१	बराहताल
१३७	शिखरबास	बराहताल गा.पा. २	०६६/०१/१०	२८३	SUR/PA/17/09	१७९.१४	८७	२३०	२२९	४५९	बराहताल
१३८	सितलपानी	बराहताल गा.पा. ३	०६६/०२/१०	२८५	SUR/PA/16/06	९२.३७	६०	१३१	१३५	२६६	बराहताल

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
१३९	बुङ्गाघाटखोला	बराहताल गा.पा. ३	०६६/०२/१०	२८६	SUR/PA/16/07	१०५.१२	५५	१०६	१००	२०६	बराहताल
१४०	सल्लेरी महिला	बराहताल गा.पा. २	०६६/०८/११	२९०	SUR/PA/17/10	१८९.१४	९५	२३५	२४३	४८८	बराहताल
१४१	मानपुर	बराहताल गा.पा. २	९/३०/२०६६	२९३	SUR/PA/17/11	१७९.७७	४४	१३७	१३०	२६८	बराहताल
१४२	अम्ब्रेसेनि महिला	बराहताल गा.पा. १	०६६/१०/१७	२९७	SUR/PA/17/12	७९.८	३६	११३	१३०	२४३	बराहताल
१४३	लालिगुराँस	बराहताल गा.पा. ३	०६६/११/२०	३०२	SUR/PA/16/08	१०७.२८	३६	१०८	११७	२२५	बराहताल
१४४	भिरेपहरा	बराहताल गा.पा. १	०६७/०१/२६	३१९	SUR/PA/17/13	१९४.२८	३२	१०१	१०१	२०२	बराहताल
१४५	त्रिशक्ति जनसेवा	बराहताल गा.पा. ३	०६७/०१/२६	३२२	SUR/PA/16/09	१७६.४५	११८	११८	१०५	२२३	बराहताल
१४६	चियापानी	बराहताल गा.पा. २	०५२/०३/२७	४३	SUR/PA/17/1	४३८.४८	८९	२४२	२४०	४८२	बराहताल
१४७	रानिघाट	बराहताल गा.पा. २	१०/९/२०५२	५८	SUR/PA/17/2	२६५	८५	२६७	२४५	५१२	बराहताल
१४८	खयरभट्टी	बराहताल गा.पा. १	०५२/१०/९	५९	SUR/PA/17/3	८०	४५	२९५	२७९	५७४	बराहताल
१४९	कालिका	बराहताल गा.पा. २	०५४/०३/०८	९१	SUR/PA/17/4	४९०	१२८	३०९	३०५	६१४	बराहताल
१५०	गोरुपानी	बराहताल गा.पा. ४	०५५/०३/२८	११५	SUR/PA/16/1	२७७.७	२१५	५६१	५७२	११३३	बराहताल
१५१	महघाट	बराहताल गा.पा. ४	०६७/०१/२७		SUR/PA/16/10	१२०	४८	२५५	२४६	५०१	बराहताल
१५२	श्रीचौर	बराहताल गा.पा. १	०५६/०६/१७	१५८	SUR/PA/17/5	९५.६६	८२	२६१	२७४	५३५	बराहताल
१५३	बत्तिसे	बराहताल गा.पा. ४	०७०/१२/१२	३८१	SUR/PA/16/11	९४	२४२	४७४	४९४	९६८	बराहताल
१५४	खमारीकुन्टा	बराहताल गा.पा. ४	०७०/१२/१२	३८२	SUR/PA/16/12	१७७.५	७०१	१५६४	१६९५	३२५९	बराहताल
१५५	जुरेढुङ्गा महिला	बराहताल गा.पा. १	०७०/१२/१६	३८६	SUR/PA/17/14	७५.७	८२	२०३	१९३	३९६	बराहताल
१५६	त्रिवेणी	बराहताल गा.पा. ३	५/१/२०७३	४३४	SUR/PA/16/13	१०९.१	५५	१३२	११०	२४२	बराहताल
१५७	स्याउलेपानी	बराहताल गा.पा. ३	५/७/२०७३	४३५	SUR/PA/16/14	९१.१८	४६	१३८	९२	२३०	बराहताल
१५८	सिरुवानी	बराहताल गा.पा. २	५/७/२०७३	४३६	SUR/PA/16/15	२३५.५	१२४	२१६	२४८	४६४	बराहताल
१५९	केउरेनी	बराहताल ४	१२/१४/२०७५	५३३	SUR/PA/16/16	२३४.४८	१२७	३०३	३१७	६२०	बराहताल
बराहताल सब-डिभिजन वन कार्यालय अन्तर्गत						**५३८६.६८**	**२९७७**	**७३४२**	**७३९७**	**१४७५०**	
१६०	सम्झना महिला	बराहताल गा.पा. १०	०६४/११/२९	२४८	SUR/LE/14/06	१९८.५	८७	२२३	२००	४२३	लेखगाउँ
१६१	त्रिउरेपानी महिला	बराहताल गा.पा. ५ २ ८	०६५/१२/१०	२७९	SUR/LE/15/18	१६५.४	५२	१०८	१३०	२३८	लेखगाउँ

क्र. स.	सामुदायिक वनको नाम	ठेगाना	दर्ता मिति	दर्ता नं.	कोड नं.	क्षेत्रफल हे.	लाभान्वित				
							घरधुरी	महिला	पुरुष	जम्मा	
१६२	मितेरी	बराहताल गा.पा. ८	११/१/२०६६	३०१ क	SUR/LE/15/22	२२९.३३	३६	८७	८६	१७३	लेखगाउँ
१६३	जनएकता महिला	बराहताल गा.पा. ८	१/२६/२०६७	३१७	SUR/LE/15/19	१९१.२१	५३	१५४	१०७	२६१	लेखगाउँ
१६४	शान्ती महिला	बराहताल गा.पा. ८	१/२६/२०६७	३१८	SUR/LE/15/20	४०४.९५	५२	१००	१०२	२०२	लेखगाउँ
१६५	सरस्वति	बराहताल गा.पा. १०	०५०/७/१९	१३	SUR/LE/14/01	३३.५	१०१	३१०	३१८	६२८	लेखगाउँ
१६६	मसिना	बराहताल गा.पा. ८	०५२/३/२७	४१	SUR/LE/15/04	३९६.८५	८३	१९०	१८९	३७९	लेखगाउँ
१६७	कुनाथरी	बराहताल गा.पा. ८	०५२/०३/२७	४२	SUR/LE/15/05	८८.०२	३५	१०५	९७	२०२	लेखगाउँ
१६८	आमपालि	बराहताल गा.पा. ८	०५२/१०/१९	६३	SUR/LE/15/06	१७२	२८०	२३९	२३६	४७५	लेखगाउँ
१६९	लिस्ने	बराहताल गा.पा. १०	०५३/१/२०	७२	SUR/LE/14/02	८७	५१	२१९	३६६	५८५	लेखगाउँ
१७०	भैरवस्थान	बराहताल गा.पा. ९	५/२२/२०५६	१५६	SUR/LE/15/10	२८५.९७	६१	१०२	१४२	२४४	लेखगाउँ
१७१	सिमलचौर	बराहताल गा.पा. ९ र १०	०५६/०५/२३	१५७	SUR/LE/14/03	४७०.३५	२५१	१५६७	१४६४	३०३१	लेखगाउँ
१७२	धपेनी	बराहताल गा.पा. १०	०५७/११/१६	१८४	SUR/LE/14/04	८७	८६	२१०	२०३	४१३	लेखगाउँ
१७३	नवदुर्गा	बराहताल गा.पा. ८	०५८/१/१९	१८८	SUR/LE/15/11	१३९.३	१०८	२७४	२७३	५४७	लेखगाउँ
१७४	सृजना	बराहताल गा.पा. ९ र १०	०५८/३/१७	१९२	SUR/LE/14/5	२९०	९३	२४५	३४९	५९४	लेखगाउँ
१७५	जनकल्याण	बराहताल गा.पा. ८	०५८/३/१७	१९३	SUR/LE/15/12	४५८.३७	९५	६९१	६८४	१३७५	लेखगाउँ
१७६	सल्लेरी महिला	बराहताल गा.पा. ८	०६०/३/३२	२१०	SUR/LE/15/14	१२२	६९	१८५	१६५	३५०	लेखगाउँ
१७७	कोईरिलपानी	बराहताल गा.पा. ८	०६०/०३/१२	२११	SUR/LE/15/15	१८१.६	९५	२३२	२०४	४३६	लेखगाउँ
१७८	लुतेपानी	बराहताल गा.पा. ८	०५१/३/२५	२१६	SUR/LE/15/16	२०२	१०२	२०९	१५१	३६०	लेखगाउँ
१७९	सृजनशील	बराहताल ८	१०/३/२०८०	५३६	SUR/LE/15/25	१९३	१४५	३५६	३८४	७७०	लेखगाउँ
लेखगाउँ सव-डिभिजन वन कार्यालय अन्तर्गत						**४३९६.३५**	**१९३५**	**५८०६**	**५८५०**	**११६८६**	
कूल जम्मा						**३६४००.९३**	**२२३८८**	**६१६५९**	**६१३६२**	**१२४१२३**	

अनुसूची-४ : निजी वन सम्बन्धी विवरण

क्र.सं.	निजी वन धनीको नाम थर	ठेगाना	क्षेत्रफल (हे.)	निजी वन दर्ता आ.व.	रुखको विवरण
१	बिजयवहादुर बिष्ट	चौकुने-९, सुर्खेत	०.३९	२०५५।०५६	सिसौं
